# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

समाज शब्दले कुनै विशेष उद्देश्य लिएर गठन गरिएका सङ्घ /संस्थाहरूलाई बुझाउँदछ, जस्तै : नागरिक समाज, आर्य समाज, क्षेत्री समाज, थारू समाज नेवार समाज । यसरी हेर्दा समाज भन्नाले मानिसहरूको समूह हो, जुन एक निश्चित भौगोलिक क्षेत्रमा अवस्थित हुन्छ, समाज पारस्परिक सम्बन्धको संरचना, जालो वा साझा उद्देश्य लिएको व्यवस्थित समूह हो । यसको सस्कृति, नीति-नियम, उद्देश्यर कार्यहरूले व्यक्तिहरूलाई एकै सुत्रमा बाँधेको छ (काफ्ले, २०७३) । यसरी हेर्दा समाज भन्नाले एउटा निश्चित भौगौलिक क्षेत्रमा बसोबास गर्ने मानिसको समूहलाई बुझाउँदछ ।

आदिम कालमा मानिस अरू प्राणीसँग जङ्गली क्षेत्रमा बस्थे । जङ्गली युगमा पनि मानिसहरू जङ्गलमा नै एक्लाएक्लै बस्थे । जङ्गली जनावरसँग लड्दै भिड्दै दुःखपूर्ण जीवन बिताउँथे । त्यसैले जङ्गली युगका मानिसहरू क्रमशः घना जङ्गली क्षेत्रबाट नदी किनारतिर निस्किन थाले । नदी किनारमा पानीको सुविधा र बगरको ढुङ्गाबाट हतियार बनाउन सजिलो भयो । त्यस्तै ढुङ्गा घर्षण गरेर आगो निकाल्ने उपाय पत्ता लागेपछि मानिसहरू समूहमा बस्न थाले । एक ठाउँमा भेला भएपछि आपसका भावना साटासाट र दुःखसुख बाड्ने कार्य सुरू भयो (अधिकारी, २०७१) । यसरी आपसी सहयोग र जङ्गली जनावरको आक्रमणबाट बाँच्ने उपाय खोजी गर्ने क्रममा समाजको उत्पत्ति भयो ।

शिक्षा देश विकासको पूर्वाधार हो । समय सापेक्ष गुणस्तरीय शिक्षाको प्रभावकारी प्रयोगले देशको आर्थिक तथा सामाजिक विकास भई मानिसको जीवनस्तरमा सुधार ल्याउँन सकिन्छ । शिक्षा प्रदान गर्न सकिने विभिन्न आधारहरूमा संस्थागत आधार औपचारिक शिक्षा पनि एक हो । जसलाई विश्वभरी नै व्यापक रूपमा प्रचलनमा ल्याइएको पाइन्छ । उचित शिक्षाले सामाजिक परिवर्तनमा सकारात्मक भूमिका खेल्दछ । शैक्षिक संस्थाहरूको वर्तमान प्रभावकारीताले समाजको समेत प्रतिनिधित्व गरिरहेको हुन्छ । उचित शिक्षाले योग्यता निर्धारण गरिदिन्छ । योग्य नागरिक समाज तथा राष्ट्रको हितका लागि पर्याप्त मात्रामा योगदान दिन सक्छन् (शर्मा, २०५७) । यस सन्दर्भमा शिक्षा कुनै पनि राष्ट्रको लागि मेरूदण्ड मानिन्छ ।

शिक्षाको उत्पत्ति र विकासक्रमको विश्लेषण गर्दा प्राचीनकाल, मध्यकाल र आधुनिक कालमा अलग-अलग रूपमा विकास हुँदै आएको पाइन्छ । प्राचीनकालमा गुरूकुल शिक्षा प्रणालीको वातावरण थियो । यस शिक्षा प्रणालीमा गुरूको सेवा गर्ने, भिक्षा मागी गुरूलाई खुवाउने जस्ता कार्यमा मात्र शिक्षा सीमित थियो । प्राचीन कालको शिक्षा अनौपचारिक थियो । बालबालिकाले आमाबाबुबाट आफ्ना सरल आवश्यकता पूरागर्ने गर्दथे । समाजको बढ्दो जटिलता र  आवश्यकताहरू अनौपचारिक शिक्षाले पूरा गर्न सकेन । त्यसपछि औपचारिक शिक्षाको सुरूवात भयो । विद्यालयको सुरूवात कहिले भएको हो भन्ने किटान पाइँदैन । पश्चिमेली सभ्यतामा ग्रीस शिक्षा प्रणालीअनुसार दार्शनिक प्लेटोको विद्यालयलाई पहिलो विद्यालय शिक्षाको सुरूवात हो भनेको पाइन्छ भने पूर्वेली सभ्यतामा वेदकालमा विद्याश्रमहरूको स्थापना भएको हुनुपर्दछ भनिन्छ । जे होस् ढुङ्गे युगभन्दा पछाडि विद्यालय र विद्यालय शिक्षाको स्थापना र विकास हुँदै आजको अवस्थामा शिक्षा आइपुगेको हो । यसरी हेर्दा शिक्षाको विकास चरणबद्धरूपमा प्राचीनकाल, मध्यकाल र आधुनिक कालमा भएको पाइन्छ (शर्मा र शर्मा, २०७०) ।

शिक्षण विधिको ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने हजारौँ वर्ष देखि यो चर्चाको विषय रहँदै आएको छ र यसमा निरन्तर सुधार र विकास हुँदै आएको पनि छ । आदिम समाजमा केटाकेटीहरू आफूभन्दा ठूलाको नक्कल गरी मौखिक उपदेशहरूलाई कण्ठ पारी ज्ञान प्राप्त गर्ने गर्दथे, तर औपचारिक शिक्षा दिने चलन ऋषिमुनिको आश्रमबाट प्रारम्भ भएको मान्न सकिन्छ । पाठ्यक्रम अन्तर्गतको कुनै विषयवस्तु विद्यार्थीहरूलाई सिकाउन र निर्धारित शैक्षणिक उद्देश्यहरू प्राप्त गर्नको लागि शिक्षक र विद्यार्थीहरूले मिलेर गर्ने क्रियाकलापलाई शिक्षण विधि भनिन्छ । जसरी निर्दिष्ट लक्ष्य र गन्तव्यसम्म पुग्न सुगम बाटो चाहिन्छ । त्यसैगरी शिक्षणको निर्धारित उद्देश्य प्राप्त गर्न शिक्षण विधिको आवश्यकता हुन्छ । शैक्षिणिक क्रियाकलाप र सामग्रीहरूको योजना र विकासको सम्बन्धमा शिक्षकलाई नवीनतम् ज्ञान दिन तालिम कार्यक्रमहरू संचालन गरी उनीहरूलाई अधिक्तम सहभागी हुन अवसर प्रदान गरिँदैछ । शिक्षकहरूको योग्यता र क्षमता वृद्धि गर्न विभिन्न निकायहरूबाट सेमिनार, कार्यशाला गोष्ठी, आदिको आयोजना पनि गरिन्छ । फलतः विद्यालयका शिक्षकहरूको शैक्षणिक क्षमतामा उल्लेखनिय वृद्धि भएको पाइन्छ (कैयूम, २०७२) ।

एउटा असल शिक्षकले शिक्षण विधिको राम्रो अध्ययन गरेको हुनुपर्छ। उसले शिक्षण सिकाइका सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा राम्ररी जानकारी लिएको हुनपर्दछ। प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइका सैद्धान्तिक ज्ञानहरूलाई व्यवहारिक रूपमा कार्यन्वयन गराउनका लागि पनि शिक्षण विधिको आवश्यक हुन्छ। विद्यार्थीको व्यक्तिगत भिन्नता पत्ता लगाई शिक्षण सिकाइप्रति उत्प्रेरित गर्न पनि यसको आवश्यक हुन्छ। शिक्षण धेरैले गर्छन् तर प्रभावकारी शिक्षण कमैले मात्र गर्दछन्। शिक्षण गर्नु भनेको कक्षामा गएर विद्यार्थीलाई सिकाउने मात्र होइन विद्यार्थीले बुझ्ने गरी सरल र मनोवैज्ञानिक तरिकाले शिक्षण गर्नुपर्छ। शिक्षण गर्नुको अर्थ विद्यार्थीले सरल र सहज ढङ्गमा बुझ्ने गरी शिक्षण गर्नु हो (पोखेल, २०७३)।

शिक्षा प्राचीनकालदेखि चल्दै आएको मानव विकासको एक प्रभावकारी माध्यम हो। पहिले शिक्षालाई मौखिक संचारको रूपमा मात्र लिइन्थ्यो। त्यसबेला शिक्षणमा प्रयोग गरिने पाठ्यवस्तु वा लेखनवस्तुलाई नै शैक्षिक सामग्री भनिन्थ्यो। समाजको विकासक्रम बढ्दै-बढ्दै गयो र शिक्षणकार्यमा जटिलता पनि थपिँदै गयो। विज्ञान र प्रविधिको विकाससँगसँगै शैक्षिक सामग्रीहरू पनि श्रव्य सामग्री, दृश्य सामग्री र श्रव्य दृश्य सामग्रीमा विकास हुँदै गएको पाइन्छ। आजको आधुनिक विश्वमा शिक्षण प्रविधिहरूको माध्यमबाट मात्र प्रभावकारी शिक्षण गर्न सकिने विश्वास बढेको छ। शैक्षिक सामग्रीको प्रयोग र यसप्रतिको सकारात्मक धारणाको विकास भर्खर मात्र भएको होइन। विद्वान डेसिडेरियस इरास्मसले सिकाइको सम्झने माध्यमलाई नकार्दैं तस्वीकर र अन्य दृश्यहरूको माध्यमबाट सिकाइनुपर्ने वकालत गरेका थिए। कमेनियस ले तस्वीर भएको पुस्तक नै तयार गरी सिकाइलाई प्रभावकारीरूप अघि बढाएका थिए। रूसोले तस्वीर र खेल्ने वस्तुहरू शिक्षणकार्यमा आवश्यक ठाने। शिक्षण सिकाइको विकाससँगसँगै शैक्षिक सामग्रीहरूको विकास पनि हुँदै गएको हो। आजको विकसित शिक्षण सिकाइका लागि उन्नत खालको शैक्षिक प्रविधि आइसकेको छ। यो शैक्षिक प्रविधिको विकास नै शैक्षिक सामग्रीको विकासको उदाहरण हो। यसरी हेर्दा विज्ञान र प्रविधिको विकास सँगसँगै शैक्षिक सामग्रीको विकास भएको देखिन्छ ( शर्मा र शर्मा, २०७४)।

शिक्षा सामग्री आयोगको नीति र निर्देशन अनुसार शिक्षा सामग्री लेखक विभागबाट लेखिएका र सम्पादन गरिएका सामग्री छाप्ने र अन्य तरिकाबाट उत्पादन गरी नेपाल

अधिराज्यभरिका स्कुल कलेज र अन्य शैक्षिक संस्थाहरूमा वितरण गर्ने त्यस विभागको मुख्य उत्तरदायित्व थियो । शिक्षा सामग्री उत्पादन तथा वितरण केन्द्र, बबरमहलमा स्थापना गरिएको थियो । शिक्षा सामग्री उत्पादन तथा वितरण केन्द्रबाट देशभरका करिब ५०० प्राथमिक विद्यालयहरूलाई शैक्षिक सामग्रीका एक/एक बाकस वितरण समेत भएको थियो । वितरण भएका सामग्रीमा ठूला-ठूला कागजका ताउ, रङ्गीन कागज, सीसाकलम, चक, डस्टर, कैँची, पेन्सील, कटर, टेप, घण्टी, तौलने मेसिन थिए । जिल्ला पञ्चायत तथा रा.पं.स. को सिफारिस लिइ आउने राम्रोसँग चलेका प्राथमिक तहलाई निरक्षकले सिफारिस गरिदिनु पर्थ्यो (शर्मा, २०७१) ।

शैक्षिक सामग्रीको आवश्यकतालाई कमेनियस, रूसो, फ्रोबेल र पेस्तालोजी विद्वानहरूले जोड दिएका छन् । आजको विज्ञान र प्रविधिको विकास भइसकेको विश्वमा शिक्षण सिकाइ कार्यमा विना शैक्षिक सामग्रीको शिक्षण प्रभावकारी हुदैन । यसरी शिक्षण सिकाइ कार्यलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीले सहयोग पुऱ्याउँदछ । म सन्छु, म विर्सन्छु, म देख्छु, म सम्झन्छु, म गर्छु, म जान्दछु, भन्ने कुराले पनि शैक्षिक सामग्रीलाई नै बढि जोड दिएको पाइन्छ । कागज कलम परीक्षा पद्धतिको अलवा नियमित र निरन्तर मूल्याङ्कन पद्धतिलाई जोड दिन पनि शैक्षिक सामग्रीको उपयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीको माध्यमद्वारा व्यवहारिक शिक्षा हासिल गर्न सकिन्छ । यसलाई हेर्दा शैक्षिक सामग्रीको प्रयोगद्वारा शिक्षण गर्दा सिकाइ दिर्घकालिन र प्रभावकारी देखिन्छ (निउरे, २०७०) ।

शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकूल वातावरण सिर्जना गरी अध्यापन कार्य सफल पार्न विषयअनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्री प्रयोग गर्न आवश्यक हुन्छ । शैक्षिक सामग्री भन्नाले शिक्षण कार्यलाई सहज बनाउन सहयोग गर्ने साधन हो । शिक्षाको लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न विषयवस्तुसँग सम्बन्धित कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रयोग गरिने स्रोत साधन नै शैक्षिक सामग्री हो । शैक्षिक सामग्री शिक्षण सिकाइ क्रियाकलापको आकर्षण मात्र होइन, यसको प्रयोगले कक्षा सञ्चालन एवम् विषयवस्तुको प्रस्तुतिलाई अर्थपूर्ण र ज्ञानवर्द्धक पनि बनाउँछ । कुनै पनि शैक्षिक उद्देश्यहरू हासिल गर्नका लागि शिक्षकलाई कक्षाकोठामा अध्ययन अध्यापन गर्नका लागि विद्यार्थीको शिक्षण सिकाइ प्रभावकारी होस् भनी सहयोग पुऱ्याउने सबै किसिमका मुद्रित वा अमुद्रित श्रव्य र श्रव्यदृष्य उपकरणहरूलाई शैक्षिक सामग्री भनिन्छ । यसरी हेर्दा

विषयवस्तुलाई रूचीकर, सरल, ज्ञानवर्धक, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्री महत्त्वपूर्ण देखिन्छ (अधिकारी, २०७०)। खास गरी शैक्षिक सामग्रीलाई ४ भागमा विभाजन गरिएको छ। मुद्रित सामग्री, दृष्य सामग्री, श्रव्य सामग्री र श्रव्य दृष्य सामग्री/शैक्षिक सामग्रीको मुद्रित सामग्री अन्तर्गत पुस्तक, पत्रिका, शिक्षक निर्देशिका, पाठ्यक्रम, कक्षा नोट, इमेल पर्दछन्। दृष्यसामग्री अन्तर्गत नक्सा, ग्लोब चार्ट मोडेल ग्राफ, चित्र, इन्टरनेट, कालोपाटी, फलाटिनबोर्ड पर्दछ। श्रव्य सामग्री अन्तर्गत रेडियो टेपरेकर्ड, फोनोग्राफ, डिक्स पर्दछन्। श्रव्यदृष्य सामग्री अन्तर्गत नाटक, सिनेमा, टि.भि भिडियो पर्दछन् (भट्टराई र आचार्य, २०७३)।

सामग्री रमाइलो मात्र नभइ बालबालिकामा जिज्ञाशा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनुपर्दछ भन्ने प्राथमिक शिक्षा, २०४९ को जुन उद्देश्य छ, सामग्री त्यसै प्रकृतिको हुनुपर्दछ। शैक्षिक सामग्रीको प्रयोगबाट पाठको धारणा स्पष्ट पार्न सकिन्छ। एउटा उपयुक्त चित्रले हजारौँ शब्दको ज्ञान गराइराखेको हुन्छ (सापकोटा, २०६२)।

पाठ्यक्रम उल्लेख गरिएका विषयवस्तुहरू विद्यार्थी माझ पुर्‍याउन विविध सामग्री तथा मिडिया एवम् माध्यमको विकास गरिएको हुन्छ। त्यस्ता माध्यम तथा सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ। त्यस्ता सामग्रीहरूले शिक्षण सिकाइलाई सहज र सरल एवम् रोचक बनाउन सहयोग गर्दछन्। पाठ्यपुस्तक कार्यपुस्तक, स्वशैक्षिक सामग्रीहरू, पुरक पठन सामग्रीहरू, स्लाईड र फिल्म, पूर्व रूपमै रेकर्ड गरिएका अडियो लगायतका सामग्रीहरू शैक्षिक सामग्री अन्तर्गत पर्दछन् (दाहाल, २०७०)।

प्रकृतिका सम्पूर्ण पदार्थबाट मानिएको चेतना निर्माण हुन्छ। यसरी निर्माण भएको चेतना वा ज्ञानबाट सिद्धान्तको विकास हुन्छ। प्रकृतिका वस्तुहरूलाई सिद्धान्तका आधारमा रूपान्तरण गरी आफ्ना उद्देश्य प्राप्तिका लागि उपयोग गरीने चिज वा वस्तु विभिन्न क्रियाकलापलाई उपलब्धिमूलक बनाउन आवश्यकता पर्ने साधन तथा स्रोत नै सामग्री हुन र यसलाई शिक्षाको क्षेत्रमा प्रयोग गरिन्छ भने त्यो नै शैक्षिक सामग्री हो (घिमिरे र गिरी, २०६१)। विद्यालयको अध्ययन क्रियाकलापमा शैक्षिक सामग्रीहरूको उपयोगिता र आवश्यकतालाई अस्वीकार गर्न सकिन्न। अध्यापनलाई प्रभावकारी, रोचक तथा सरल बनाइ सिकेका कुराहरूलाई चिरस्थायी, सार्थक, व्यवहारिक ज्ञान दिलाउन र कार्यमूलक अध्यापन गर्न यसको ठूलो महत्त्व रहेको हुन्छ (गौतम, २०५२)।

शिक्षण कार्य मानवीय व्यवहारसँगको प्रत्यक्षअर्न्तक्रिया हो जसको कार्य कुशलताबाट शैक्षिक गुणस्तर वृद्धि भइ बालबालिकाको भविष्य उज्वल हुन्छ। शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकमा शिक्षण विधि र सान्दर्भिक शैक्षिक सामग्रीहरूको छनोट तथा तिनको प्रयोग गर्ने सीप, बालमनोविज्ञान सम्बन्धी अध्ययनका साथै सिर्जनशीलता गुण आवश्यक छ। मुलुकले यिनै कुराहरूलाई दृष्टिगत गरी योग्य तथा तालिम प्राप्त शिक्षकहरू उत्पादन गर्ने प्रयासहरू गर्दै आएको छ। तालिमलाई युगानुकूल हुने गरी परिस्कृत गर्दै लैजान सक्षमता वृद्धि गर्ने खालका तालिम सञ्चालन गर्नु शिक्षकहरूकै माग अनुकुल हुने गरी पाठ्यक्रम तयार गर्नु र छोटा अवधिका तालिम कार्यक्रमहरूको व्यवस्था मिलाउनु, प्रधानाध्यापकको कार्यकुशलता वृद्धि गर्न व्यवस्थापन तालिम सञ्चालन गर्नु यस क्षेत्रमा भएका प्रयास हुन् ( शै.ज.वि.के, २०६२) ।

## १.२ समस्याको कथन

यस अध्ययनको पृष्ठभूमिलाई अध्ययन र मूल्याङ्कन गर्दा शैक्षिक सामग्रीलाई योजनाबद्ध एवम् प्रभावकारी ढङ्गले प्रयोग गरी बालबालिकाहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने हैसियतले शिक्षाको विकाससँगै शैक्षिक सामग्रीको पनि वैज्ञानिकीकरण हुँदै आएको ऐतिहासिक पृष्ठभूमि छ। शैक्षिक सामग्रीको उचित प्रयोगबाट विषयवस्तुलाई सरल ढङ्गले सिकारू समक्ष पुऱ्याउन सकिन्छ तर यस्तो नभएर विषयवस्तुसँग मेल नखाने खर्चिला र सहजै प्राप्त गर्न नसकिने शैक्षिक सामग्रीको प्रयोग भएमा शिक्षण कार्य अर्थहिन बन्न पुग्छ।

अध्ययनको पृष्ठभूमीकाअनुसार बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न, प्रभावकारी शिक्षण विधि र सामग्रीको छनोट एवम् प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गरिदै आएको छ। शैक्षिक सामग्रीको निर्माण र सङ्कलनका लागि बजेटको व्यवस्था गरिँदै आएको छ। अनुगमन तथा निरिक्षणले पनि शैक्षिक सामग्रीको प्रयोगलाई जोड दिएको छ। उल्लेखिय सरकारी लगानी रहँदा रहँदै पनि सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको कम प्रयोगले सिकाइ उपलब्धि दिनानदिन घट्दो अवस्थामा गहिरहेको छ। शैक्षिक सामग्री निर्माण र प्रयोगका लागि शिक्षकहरूलाई समय समयमा तालिमहरू प्रदान गरिरहनु पुरस्कार, प्रशंसापत्र प्रदान गरिरहँदा पनि शैक्षिक गुणस्तरमा सुधार आउन नसक्नु तथा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बृद्धि नहुन र पुनर्बलका थप उर्जाहरू उल्लेखित विषयवस्तुसँग सम्बन्धित

समस्याहरू रहेका छन् । त्यसैले कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगमा शैक्षिक सामग्रीको प्रयोग विषयलाई समस्याजन्य विषयको रूपमा छनोट गरिएको छ ।

## १.३ अध्ययनको महत्त्व

शिक्षण पेशालाई महत्त्पूर्ण र जिम्मेवार पेशाका रूपमा लिइन्छ । कुनै पनि अनुसन्धान अर्थपूर्ण समस्या समधान गर्न नयाँ-नयाँ तथ्य ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगीताको दृष्टिकोणबाट गरिएको हुन्छ । यस अध्ययनले परम्परागत रूपमा प्रयोग हुँदै आएका शिक्षण विधिलाई न्यूनिकरण गर्दै आधुनिक शिक्षण विधिहरू प्रयोग गर्न सहयोग पुग्दछ । यस अध्ययनबाट शिक्षकलाई प्रभावकारी शैक्षिक सामग्रीको छनोट गर्न समेत मद्दत पुग्दछ । जबबाट विद्यार्थीले सरल भन्दा सरल रूपमा मनोरञ्जनात्मक तवरले विषयवस्तुको ज्ञान प्राप्त गर्न सक्छन् । यसबाट शिक्षकको पेशागत दक्षता वृद्धिमा सहयोग पुग्दछ । साथै विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि भै शैक्षिक गुणस्तर उकास्न विद्यालयलाई सहयोग प्राप्त हुन्छ ।

यस अध्ययनले वर्तमान अवस्थामा शिक्षण कार्यमा संग्लन रहेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक तथा पाठ्यक्रम निर्माण कार्यमा संग्लन व्यक्तिहरूलाई सहयोग पुग्ने छ । यस अध्ययनले शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्न तथा नयाँ विधि अपनाइ आफ्नो उद्देश्य पूरा गर्नका साथै शिक्षण सरल र प्रभावकारी बनाउनमा सहयोग पुग्दछ । प्रधानाध्यापकलाई विद्यालयमा प्रभावकारी शिक्षणका लागि थप योजना बनाउन मद्दत पुग्नेछ । अनुसन्धानबाट आएका निष्कर्षका आधारमा नयाँ नयाँ विधि र कार्यक्रमहरू समावेश गर्न मार्ग निर्देशन प्राप्त हुन्छ । विद्यार्थीहरूलाई सरल रूपमा आवश्यक ज्ञान, सीप र धारणाको विकास हुनेछ । नीति निर्माण तहका लागि नयाँ नीति बनाइ पाठ्यक्रम परिमार्जनमा सहयोग प्राप्त हुन्छ । यस अध्ययनले शैक्षिक सामग्री प्रयोगमा शिक्षकको मनोवृत्ति तथा भूमिका सम्बन्धि ज्ञान प्राप्त सहयोग पुऱ्याएको छ साथै शैक्षिक सामग्रीको प्रयोगले वर्तमान अवस्था मूल्याङ्कन गर्न सहयोग पुग्नेछ । तालिम सञ्चालन गर्ने परीक्षकहरूलाई तालिम सञ्चालन गर्दा शैक्षिक सामग्री प्रयोगमा शिक्षकहरूलाई उत्प्रेरणा दिन सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनको उद्देश्यहरू

क) विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको वर्तमान अवस्थाको लेखाजोखा गर्न ।

ख) विद्यालयमा शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवालाको भूमिका विश्लेषण गर्न ।

ग) विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्नु ।

घ) विद्यालयमा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरूका उपायहरुको खोजीगर्न ।

## १.५ अनुसन्धानका प्रश्नहरू

क) शैक्षिक सामग्रीको वर्तमान अवस्था कस्तो छ ?

ख) विद्यालयका शैक्षिक सामग्री निर्माण र सङ्कनमा सरोकारवालाको भूमिका कस्तो छ ?

ग) सबै कक्षा र विषयमा शैक्षिक सामग्रीको नियमित प्रयोग गर्ने गरिएको छ ?

घ) शैक्षिक सामग्रीको प्रयोगमा के कस्ता समस्याहरू देखा परेका छन् ?

ङ) स्थानीय शैक्षिक सामग्रीको निर्माणका लागि कस्तो पहल गरिदैछ ?

च) शैक्षिक सामग्रीको प्रयोग वढाउन के कस्ता उपायहरू अपनाउनु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन कार्यलाई अघि बढाउनका लागि झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गतका ३ वटा सामुदायिक माध्यमिक विद्यालयमा मात्र सीमीत गरि सुचना सङ्कलन गरिएको छ । त्यसैगरि कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगलाई मात्रै आधार बनाइएको छ भने यसलाई शैक्षिक बर्ष २०७४ मा सीमित गरिएको छ । शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवालाको भूमिका अर्न्तगत प्र.अ., शिक्षक र विद्यार्थीहरूको भूमिकालाई मात्र आधार बनाइएको छ भने सरोकारवालाको भूमिका मूल्याङ्कन गर्दा २०७० देखि २०७४ सम्म ५ वर्षको मात्र अध्ययन गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

अध्ययनका क्रममा अनुसन्धानकर्ताले आफ्नो अध्ययनलाई प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रका साहित्यहरूको पुनरवलोकन गरी तिनीहरूलाई सिलसिलेवार रूपमा प्रस्तुत गरिएको छ । साहित्यको पुनरवलोकन पश्चात निश्चित सिद्धान्तको चयन गरी त्यसलाई आफ्नो अध्ययनको आधार मानिएको छ । यस शोधकार्यमा उल्लेख गरिएको शीर्षकलाई पुष्टि गर्न पर्याप्त पूर्वसाहित्यक सामग्रीहरू नभए पनि सिमित दस्तावेजहरूको अध्ययन गरी शोध कार्यलाई अगाडि बढाइएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

डिवे(१९१०) को प्रगतिवादको सिकाइ सिद्धान्तअनुसार विद्यार्थीहरू आफ्ना रूची, चाखअनुसार समस्या समाधान गर्न प्रेरित हुँदा उसमा जिज्ञासा र तनाव उत्पन्न हुन्छ । यस तनावबाट समस्या समाधान गर्ने रूची अन्वेषण गर्ने दायित्व बढ्छ र उसमा सृजनात्मकताको विकास हुन जान्छ । जब समस्या समाधान गर्ने रूचीको विकास हुन्छ तब विद्यार्थीले समाधान गर्न निष्कर्षमा पुग्ने कोसिस गर्दछ । यहि कोसिसमा उसले तथ्य सङ्कलन गर्दछ र सङ्कलित तथ्यहरूको निर्माण र आवश्यकता अनुसारको परिवर्तन गरी निष्कर्षमा पुग्दछ । यसमा विद्यार्थीको उद्देश्य, चाख र उपयोगीताका आधारमा गरेर सिक्नेमा केन्द्रित भई सिकाइ गर्दछ (शर्मा र शर्मा, २०६४ बाट उद्धत) ।

मन्टेश्वरी (१९७०) अनुसार शिक्षकको भूमिका ज्यादै महत्त्वपूर्ण र प्रमुख हुन्छन् । शिक्षक असल, मार्गदर्शक, सँगठनकर्ता बालमनोविज्ञानको ज्ञाता, बालस्वतन्त्रताको संरक्षक एक, एक वैज्ञानिक, एक डाक्टर र पूर्ण रूपमा धार्मिक व्यक्तिको रूपमा हेरिएको हुन्छ । मन्टेश्वरीले शिक्षामा वैज्ञानिक धारणा दिइन् । शिक्षामा मनोवैज्ञानिक विधि प्रयोग गरिन् । व्यक्तिगत शिक्षणको अवधारणा ल्याइन्, साना बालकलाई माया र आधार गर्ने बाटो देखाइन, अभ्यास र आफ्नै प्रयासबाट सिकाउने विधि दिइन्, उनले शिक्षकको भूमिकालाई वैज्ञानिक बनाइन् । यो नै उनको आधुनिक विश्वका लागि योगदान हो । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगले मन्टेश्वरीका सिद्धान्त सफल बनाउन सहयोग गर्दछ (खनाल, २०६५ बाट उद्धत) ।

थर्नडाइकका अनुसार कुनै पनि सिकाइ सिक्नका लागि जबसम्म सिकारू मानसिकरूपमा तयार हुँदैन तबसम्म उसले कुनै पनि सिकाइ सिक्न सक्दैन । सिकाइ सिक्नका लागि सिकारू शारीरिक र मानसिक रूपमा तयार हुनुपर्दछ । सिकाइमा प्रयत्न गर्ने भूल घटाउन सक्ने स्थितिमा पुग्नका लागि शारीरिक र मानसिक रूपमा तयारी हुनुपर्दछ । जसबाट उसले सहजै सिक्न सक्छ र सन्तुष्टि प्राप्त गर्न सक्छ । थर्नडाइकले आफ्नो प्रयत्न र भूल सिकाई सिद्धानतका आधारमा विद्यार्थीहरूलाई सामग्री निर्माण र प्रयोग गर्न अभ्यास गराउँदा प्रयत्न गर्दा सुरूमा भूल गर्दछ र अभ्यास गर्दै जाँदा सफलता प्राप्त गर्दछ । सिकाइका क्रममा जति बढि अभ्यास गर्दै गयो त्यति गल्तिहरू घट्छन् र सही प्रतिक्रियामा पुग्न सकिन्छ । अभ्यासले सिकारूलाई दक्ष र निपुर्ण बनाउँछ (विडारी, पौडेल, चलाउने, साउद, रेग्मी, पन्थ र साथी, २०७३ बाट उद्धत) ।

यस अध्ययनमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावलाई सैद्धान्तिक ज्ञान प्राप्त पश्चात शैक्षिक सामग्रीको प्रयोग गर्न खोज्दा सिकाइ प्रभावकारी एवम् दिगो हुन्छ भन्ने मान्यतामा शैक्षिक सामग्रीलाई पुनर्वलको रूपमा राखी अध्ययन गर्ने सैद्धान्तिक खाका बनाइएको छ । शिक्षण सिकाइ क्रियाकलाप भन्नाले शिक्षक र विद्यार्थीका लागि व्यवस्थित ढङ्गबाट उपयुक्त शिक्षण विधि तथा पद्धतिद्वारा सिकाइ अनुभव प्रदान गर्दछन् । शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत सिकाइको उद्देश्य निर्धारण गर्ने, सिकाइ योजना तयारी र कार्यन्वयन तथा मूल्याङ्कन गरिन्छ । शिक्षकले शिक्षण गर्दा विषयवस्तुको प्रभावकारी तरिका सम्प्रेषण गरेर मात्र पुग्दैन । विद्यार्थी आफैँ सिक्ने वातावरण एवम् अग्रसर बनाइ यी दुई बीचको अन्तर सम्बन्धबाट सिकाइमा देखिएका समस्या पहिचान गर्न सकिन्छ । जस्तै : प्रकृतिवादी रूसोको अनुसार प्रत्यक्ष अनुभवबाट आएको सिकाइ स्वतन्त्रता एवम् प्राकृतिक वातावरणबाट प्राप्त व्यवहार नै उत्तम हुन्छ (शर्मा, २०५७) ।यस अध्ययनमा बालबालिकाहरूको शारीरिक विकास र सिकाइ स्थितिसँग तुलना गर्न सकिने मान्यता राखिएको छ । त्यसैले यस अध्ययनमा सिकारूका लागि सिकाइ विधि तथा पद्धतिहरू, शिक्षण सिकाइमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरूलाई प्रष्ट्याउने प्रयास गरिएको छ ।

स्किनरका (१९०४) अनुसार प्रोत्साहनको मार्फत् कुनै शिश्चित व्यवहार सुदृढ गर्न सकिन्छ । अर्थात अनुकूल व्यवहार प्रोत्साहित गर्न सकिन्छ र प्रतिकूल व्यवहार निरूत्साहित

गर्न सकिन्छ ।सकरात्मक परिणामदिने वा अनुकूल व्यवहार दोहोऱ्याई रहन दिने जहाँ सकारात्मक सबलीकरणको आवश्यकता पर्दछ । नकारात्मक परिणाम दिने प्रतिकूल व्यवहार अन्त्य गर्न नकारात्मक  सबलीकरण प्रदान गर्नु पर्दछ । सकारात्मक सबलीकरण पुरस्कारबाट दिलाउन सकिन्छ भने नकारात्मक सबलीकरण दण्ड सजायबाट दिलाउन सकिन्छ (श्रेष्ठ, २०७२ बाट उद्धृत) । उत्प्रेरणाको सिद्धान्तअनुसार सिक्ने व्यक्ति नयाँ कुरा सिक्न इच्छुक एवम् उत्प्रेरित भएमा मात्र सिकाइ अभिवृद्धि हुन्छ । अन्यथा सिकाइको प्रतिफल प्राप्त गर्न सकिदैन । मानिस सधै आफूलाई रोचक लाग्ने र नौलो विषय जान्न खोज्दछ र उत्प्रेरणाले उसको सिकाइलाई सहज बनाउँछ त्यसैले उत्प्रेरणा गर्न शैक्षिक सामग्रीले सहयोग पुऱ्याउँछ (श्रेष्ठ, २०७२) ।

टेलर (१९४९) ले उल्लेख गरेअनुसार पाठ्यक्रम विकासका तार्किक नमुना तथा प्रशिक्षणका आधारभूत सिद्धान्तहरू नामक पुस्तकमा पाठ्यक्रमका चारवटा तत्त्वहरू हुनुपर्ने धारणा व्यक्त गर्दै पाठ्यक्रमलाई तर्कपूर्ण व्यवस्थित, क्रमबद्ध तथा अर्थपूर्ण रूपमा विकसित गर्नको लागि वैज्ञानिक सिद्धान्तहरू अपनाउनु पर्छ भन्ने उल्लेख गरेका छन् । उनले पाठ्यक्रम विकासमा आधारभूत सिद्धान्तलाई चारवटा प्रश्नहरूको रूपमा उठाएका सवालहरूमा विद्यालयले कस्ता शैक्षिक उद्देश्यहरू प्राप्त गर्ने, निर्धारित शैक्षिक उद्देश्यहरू हाँसिल गर्न कुन शैक्षिक अनुभवहरू प्रदान गर्ने ? शैक्षिक अनुभवहरूलाई कसरी प्रभावकारी ढङ्गले सुसङ्गठित गर्ने ? र उद्देश्यहरू प्राप्त भए नभएको कसरी निर्धारण गर्ने भन्ने चारवटा प्रश्नहरू अगाडि सारेका छन् । यसरी पाठ्यक्रम गर्दा पाठ्यक्रम अनुभवहरूको छनोटमा विद्यार्थीको सक्रिय र सहभागितालाई सुनिश्चित गर्ने र सिकाइका लागि क्रियाकलाप र सक्रिय सहभागिताद्वारा मात्र सिकाइ हुने कुरालाई इङ्कित गर्न खोजेको छ । उनले सिकाइ अनुभवको छनोट गर्न सिकाइ अनुभवहरूले अपेक्षा गरिएको व्यवहारमा अभ्यास गर्ने प्रशस्त अवसरहरू प्रदान गर्नुपर्ने कुरामा जोड दिएका छन् (निउरे, २०६८ बाट उद्धृत) ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

हाडा (२०५९) का अनुसार  शिक्षणलाई मूर्तरूप दिनका लागि पनि विद्यालयमा योग्यता प्राप्त, तालिम प्राप्त, दक्ष र अनुभवी शिक्षकको जरूरत पर्दछ । जुनसुकै काइदाका साथ बनाएको भएपनि चालक योग्य एवम् सीपयुक्त नभएमा डुँगा नदीमा डुब्न सक्छ भने झैँ पर्याप्त भौतिक सुविधा उपलब्ध छ किन्तु योग्य शिक्षकको सेवा उपलब्ध छैन भने प्रभावकारी

शिक्षण दिन सकिदैन भन्ने कुरालाई ध्यानमा राखी शिक्षकको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

राष्ट्रिय शिक्षा पद्धति योजनाबाट थालनी गरिएको व्यवस्थित पाठ्यक्रम शिक्षक तालिम शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ जस्ता पक्षहरू  पाइन्छ । यी पक्षहरू मध्येको शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइ माध्यमबाट प्रभावकारी बनाउने रणनिति वर्तमान अवस्था सम्म पनि समय सापेक्ष नै पाइन्छ । सैद्धान्तिक रूपमा त्यसपछि बनेका आयोगका प्रतिवेदन र पाठ्यक्रमका क्रियाकलापमा विषयवस्तुलाई अर्थ्याउन प्रष्टयाउन संभावित बाटाहरूको खोजी भएको पाइन्छ । यस्ता खोजी हुँदै जाँदा २०३३ सालदेखि स्थानीय शैक्षिक सामग्रीको अवधारणालाई अगाडि बढाउने शिक्षक र विद्यार्थीको संयुक्त प्रयासमा वातावरणमा पाइने स्थानीय शैक्षिक सामग्रीहरू अर्थपूर्ण सहयोग पुऱ्याउने लक्ष्यका साथ लागु भएको पाइन्छ (प्र.शि.प्रा., २०६५) ।

अधिकारी (२०७०) का अनुसार शिक्षण योजना निर्माणपछि उक्त योजना अनुसार शिक्षण गर्ने क्रममा एउटा असल शिक्षकले मूलत : स्थानीय सामग्री शैक्षिक सामग्रीका रूपमा र वातावरणलाई अध्ययन सहयोगीका रूपमा प्रयोग गर्न सकेमा फलदायी र व्यवहारिक हुन्छ । यसका साथै विषय र पाठको प्रकृति र स्वरूप अनुसारका शैक्षिक सामग्रीको तयारी गर्नु पर्दछ । सकेसम्म स्थानीय सामग्रीलाई शैक्षिक सामग्रीको रूपमा उपयोग गर्न सकेमा सस्तो र विद्यार्थीसँग परिचित हुने हुनाले शिक्षणमा सुगमता ल्याउन सकिन्छ ।

मूल्याङ्कन र अनुगमनको अवस्था हेर्दा हालसम्म पाठ्यक्रम विकास केन्द्रले कति प्रकारको शैक्षिक विकास गऱ्यो, ती सामग्रीको प्रयोग र कार्यन्वयनको अवस्था कस्तो छ ? देशका सहरदेखि गाउँ सम्मका विद्यालयहरूमा कसरी प्रयोग गरिदैछ, उपलब्धिको स्थिति कस्तो छ ? भनी सुक्ष्म रूपमा अनुगमन हुन सकेको छैन (काफ्ले, २०६५) ।

पाठ्यक्रम र पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रलाई एउटा राष्ट्रियस्तरको स्वायत्त र दरिलो संस्थाको रूपमा विभिन्न दक्ष व्यक्तिहरू सम्मिलित गरी विकास गरिनुपर्दछ । यसले शिक्षक सम्पूर्ण प्राविधिक पक्ष जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तक शैक्षिक सामग्री शिक्षण विधि, निरीक्षण प्राविधिक र मूल्याङ्कन तथा परीक्षा सुधार क्षेत्रहरूमा गुणात्मक विकास र निर्माण गरी यस क्षेत्रमा रहेको ठूलो कमीलाई पूरा गर्न सक्नु पर्दछ । शिक्षाको गुणात्मक विकासका लागि यसलाई सबैभन्दामहत्त्वपूर्ण पूर्वसर्तको रुपमा लिइनु पर्दछ । विद्यालयको सु-

संचालनका निम्ति भौतिक एंवम शैक्षिक सामग्रीको भूमिका उच्च हुन्छ । त्यसैले हाम्रा विद्यालयहरूमा भौतिक संरचना सिर्जना गर्न गरिदैं आएको प्रयास र आर्थिक लगानीलाई शैक्षिक सामग्रीतर्फ मोड्न अब ढिला गरिन हुन्न (विश्वकर्मा, २०७०) ।


## २.३ पुनरवलोकनको उपादेयता

प्रस्तुत शोधपत्रका लागि माथि उल्लेखित अध्ययनको सैद्धान्तिक साहित्यको पुनरवलोकन र सम्बन्धित साहित्यको पुनरवलोकनको माध्यमले यस अध्ययनमा सहयोग पुगेको छ । सम्बन्धित  साहित्यको पुनरवलोकनमा धेरै शिक्षाविद्द्वारा लेखिएका लेख, रचना अध्ययन अनुसन्धान, शोधपत्रहरू तथा विभिन्न प्रतिवेदनहरूबाट शोधकार्यमा आवश्यक ज्ञान, सीप र क्षमतामा वृद्धि गर्न सहयोग पुऱ्याएको छ । यस कार्यमा अगाडि बढ्न थप उत्साहित पारेको छ । सैद्धान्तिक आधारहरूले यस शोधकार्यलाई विभिन्न साहित्यको अध्ययनबाट कक्षामा गरिने सिकाइ क्रियाकलापमा प्रयोग हुने विधिहरू, पहिले प्रयोगमा आएका विधि, शैक्षिक सामग्रीको प्रयोग तथा यसको प्रभावकारीताको समेत जानकारी दिनेछ ।

## २.४ अवधारणात्मक ढाँचा

यस अनुसन्धानका उद्देश्यहरू पूरा गर्नका लागि निम्नअनुसारको अवधारणात्मक ढाँचा निर्माण गरी अध्ययन गरिएको छ ।

चित्र नं. १ : अवधारणात्मक ढाँचा




विद्यालय भित्रका पाठ्यक्रम, शिक्षण सिकाई क्रियाकलाप र मूल्याङ्कनका लागि शैक्षिक सामग्री मेरुदण्डकारुपमा रहेको हुन्छ । शैक्षिक सामग्री भित्रका प्रयोगको अवस्था, सरोकारवालाको भूमिका, समस्याहरूलाई अध्ययन गरिएको छ । यी ३ वटा पक्षहरूलाई

सिद्धान्त, तथ्याङ्क र विश्लेशणका आधारमा अध्ययन गरिएको र सिदान्तको पुनरवलोकन गरी तथ्य तथ्याङ्कसँग जुदाइ तथ्य तथ्याङ्कलाई र सिदान्तलाई एक ठाँउमा ल्याइ विश्लेशण गरी समधानका उपायहरू निकालि विद्यालयलाई सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

अध्ययनको विधि र प्रक्रियामा यस अनुसन्धानले अध्ययनको विषयलाई मुख्य रूपमा निर्देशित गरिएको छ । यो अध्ययनमा अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमुना छनोटको आधार, नमुना छनोट विधि, तथ्याङ्कको स्रोत, तथ्याङ्कको सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया अध्ययन विधिहरूको व्याख्या गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनलाई पूरा गर्न मिश्रित अनुसनधान विधि प्रयोग गरिएको छ । अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई परिमाणात्मक रूपमा प्रस्तुत गरी व्याख्यात्मक तरिकाले विश्लेषण गरिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना छनोट रणनीति

झापा जिल्ला बुधबारे स्रोतकेन्द्र अन्तर्गतका १६ वटा विद्यालयहरू त्यसमा कार्यरत शिक्षकहरू, प्र.अ.हरू र विद्यार्थीहरूलाई यस अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ ।

बुधबारे स्रोतकेन्द्र भित्रका ३ वटा सामुदायिक माध्यमिक विद्यालयलाई अध्ययनको नमुना विद्यालयको रूपमा छनोट गरिएको छ । तीनैवटा विद्यालयबाट प्रधानाध्यापक १/१ जनाका दरले जम्मा ३ जना, शिक्षकहरू २/२ जनाका दरले जम्मा ६ जना, विद्यार्थीहरू ५/५ जनाका दरले १५ जनालाई नमुनाको रूपमा छनोट गरिएको छ ।

अध्ययन पूरा गर्न बुद्धशान्ति १ र २ मा अवस्थित ३ वटा सामूदायिक विद्यालयहरूलाई सुविधाजनक नमुना छनोट विधिबाट छनोट गरिएको छ । छनोटमा परेका शिक्षक र विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

सुविधाजनक नमुना छनोट विधिद्वारा विद्यालयको छनोट गर्दा अनुसन्धानका क्रममा तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्तालाई सहज हुने, भएकाले यो विधिको छनोट गरिएको हो । शिक्षक र विद्यार्थीलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गर्नको कारण यीनै ६ जना शिक्षक र १५ जना विद्यार्थीले नै अध्ययनको उद्देश्य पूरा गर्ने भएकाले यो विधि छनोट गरिएको हो ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन क्षेत्र झापा जिल्ला बुद्धशान्ति गाउँपालिका अन्तर्गत पर्ने बुधबारे स्रोतकेन्द्रमा पर्दछ । उक्त क्षेत्र विर्तामोड नगरपालिकाबाट लगभग ७ कि.मि. पूर्वउत्तर र इलामको रोङ गाउँपालिकाबाट दक्षिण, हडिया खोलाबाट पश्चिम र विरिङ्ग खोलाबाट पूर्व पर्दछ । बुधबारे स्रोतकेन्द्र भित्र रहेका १६ वटा सामुदायिक विद्यालय मध्ये ३ वटा विद्यालयमा अध्ययनको क्षेत्र सीमित गरिएको छ । यस अध्ययनमा कक्षाकोठामा शैक्षिक सामग्रीहरू प्रयोग विषयवस्तुको अध्ययन क्षेत्र सीमित गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अनुसन्धानलाई पूरा गर्नको लागि आवश्यक सूचना सङ्कलन गर्न नमुना छनोटमा परेका प्र.अ.का लागि प्रश्नावली प्रयोग गरिएको छ जसलाई अनुसूची क मा राखिएको छ । शिक्षकका लागि अन्तर्वार्ता  प्रश्नावली प्रयोग गरिएको छजसलाई अनुसूची ख मा राखिएको छ । विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका प्रयोग गरिएको छ जसलाई अनुसूची ग उल्लेख गरिएको छ । अनुसन्धानकर्ताको लागि अवलोकन फारम प्रयोग गरिएको छ जसलाई अनुसूची घ मा उल्लेख गरिएको छ ।

अनुसन्धानसँग सम्बन्धित सूचना सङ्कलन गर्न तयार पार्ने सूचना सङ्कलनका साधनहरू प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र लक्षित समूह छलफल निर्देशिकालाई शोध निर्देशकको सल्लाह र सुझाव अनुसार अन्तिम रूप दिई सूचना सङ्कलनका साधनले वैधता प्राप्त गरेपछि मात्र सूचना सङ्कलन गर्नका लागि ती साधनलाई उपयोग गरिनेछ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

आफ्नो अनुसन्धानलाई पूर्णता दिन शोधसँग सम्बन्धित सूचना सङ्कलन गर्नका लागि शोधकर्ता स्वयमले अध्ययन क्षेत्रमा पटकपटक गई शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली, प्र.अ.लाई प्रश्नावली र विद्यार्थीलाई लक्षित समूह छलफल निर्देशिका प्रयोग गरी सूचना सङ्कलन गरिएको छ । तथ्याङ्कलाई प्राथमिक र द्वितीय स्रोत गरी छुट्टा छुट्टै रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली, प्रत्यक्ष

भेटघाट गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत विद्यालय, स्रोतकेन्द्र, शैक्षिक दस्तावेज, विद्यलायको अभिलेख, पुस्तक, पत्रपत्रिका, जर्नल, शोधपत्रलाई प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएका सूचनाहरूलाई तालिकामा प्रस्तुत गरिएको छ । कतिपय तालिकाहरू अङ्कसँग सम्वन्धित छन भने धेरै तालिकाहरूमा शाव्दिक सूचनाहरू समावेश गरिएको छ । उक्त तालिकाहरूका आधारमा व्याख्या र विश्लेशण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल र विश्लेशण

यस अध्ययनको उद्देश्य परिपूर्ति गर्नका लागि अनुसूचिहरूमा भएका प्रश्नावली, अर्न्तर्वाता प्रश्नावली, लक्षित समूह छलफल निर्देषिका, अवलोकन फारम तथ्याङ्क सङ्कलनका साधनहरू प्रयोग गरिएका छ । कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगका सम्वन्धमा उपरोक्त साधनद्धारा तथ्याङ्क सङ्कलन गरी विभिन्न उपशीर्षकहरूमा निम्न तथ्याङ्कहरूलाई प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरीएको छ ।

## ४.१ शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था

कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई सहज बनाउने तथ्यलाई नकार्न सकिँदैन । अमूर्तरूपमा रहेका विषयवस्तुलाई मूर्त रूप दिन शैक्षिक सामग्रीले सहजता प्रदान गर्दछ । शिक्षण भनेको विषयवस्तु, शैक्षिक सामग्री शैक्षिक वातावरणका साथ विभिन्न शिक्षण विधि प्रयोग गर्दै शिक्षक र विद्यार्थीद्वारा गरिने अन्तरक्रियात्मक क्रियाकलाप भएकाले शिक्षणमा शैक्षिक सामग्रीको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षण सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियतामा वृद्धि गर्न, कठिन पाठलाई सरल बनाउन, सिकाइलाई मूर्तरूप दिइ विद्यार्थीमा ठोस धारणा बसाल्ने कार्यमा शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । त्यसैले अनुसन्धानका क्रममा छनोटमा परेका नमुना विद्यालयमा निर्धारित अनुसन्धानका साधनहरूबाट सङ्कलित सूचनाले कक्षा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्थालाई वास्तविक रूपमा प्रस्तुत गर्न निम्न अनुसारका उपशीर्षकहरूको छनोट गरी प्राप्त सूचनाहरूलाई प्रस्तुत गर्दै छलफल र विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयमा हाल भएका शैक्षिक सामग्रीको विवरण

नमुना छनोटमा परेका तीन ओटा विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको उपलब्धताका अवस्था के कस्तो रहेछ भनी स्थलगत सर्वेक्षण गर्दा प्राप्त सूचनाको आधारमा शैक्षिक सामग्रीहरूको अवस्था तालिकिरण गरी प्रस्तुत गरिएको छ ।

तालिका १:शैक्षिक सामग्री उपलब्धताको अवस्था

| विद्यालय विवरण | आदर्श मा. वि. | बुद्ध आदर्श मा.वि. | त्रिभुवन मा.वि. |
|---|---|---|---|
| शैक्षिक सामग्रीहरू | कम्प्यूटर ,राष्ट्रिय विभूतिहरूको तस्विर , सातवारका चार्ट, नेपाली र अंग्रेजी शब्द कोष, एटलस राष्ट्रिय गान चार्ट, ए, वि.सी जेट सम्मको चार्ट, कलर पेनसील, ड्रइङ पेपर, देशको नक्सा, महादेशका नक्सा, खेल सामग्रीहरू स्कीपीङ डोरी, भलिबल फुटबल, १२ महिनाको चार्ट, हेङगीङ कार्ड, गोजी तालिका ह्वाइट बोर्ड, १ देखि १०० सम्मका सङ्ख्या पत्ती, ० देखि ९ सम्मका ठोस अङ्क सामग्री, क, ख देखि ज्ञ सम्म लेखिएका कार्डहरूA देखि Z सम्मका अक्षरहरू, दैनिक कार्य तालिका, मानव शरीर चित्र, ढाड भएका र नभएका जनावरको चार्ट, पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देषिका, मादल, पत्रपत्रिका, | कम्प्यूटर, गोजी तालिका, मौसमी चार्ट, पुतलीको जीवन चक्र चार्ट, सवारी साधनको चार्ट, ग्लोव, रोमन सङ्ख्या पत्ती, पानीमा, पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देषिका, शिक्षक डायरी, नेपाली र अग्रेजी शब्दकोष एटलस, मादल, महादेशको नक्सा नेपालको नक्सा १ देखि १०० सम्मका सङ्ख्या चार्ट, A देखिZ सम्मका अक्षरहरूको चार्ट , आयत, त्रिभूज बहुभुज वृतका चित्र, चार्ट, लेन्स | नेपालको नक्सा, मौसमी चार्ट, सातवारको चार्ट गोजी पात्रो पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम नेपाली शब्दकोष अंग्रेजी डिक्सनरी, क, ख देखि ज्ञ सम्मको चार्ट A देखि Z सम्म लेखिएको चार्ट नेपाली र अंग्रेजी मा १२ महिनाको चार्ट १०० सम्मका अंक चार्ट, मादल चुरोटका वट्टा मन्जनका वट्टा, धागो, वेलन, सजीव र निर्जवि वस्तुको चाट राष्ट्रिय गान चार्ट ० देखि ९ सम्मका ठोस अङ्क सामग्री कम्प्युटर मिटर, स्केल |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका १ लाई विश्लेषण गर्दा छनोटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्री निर्माण र प्रयोग भएको अवस्था रहेको पाइन्छ । विद्यालयले अति महत्त्वपूर्ण शैक्षिक सामग्रीहरू पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता शैक्षिक सामग्रीहरूको पूर्णरूपमा व्यवस्थापन भएको पाइन्छ । शिक्षकहरूबाट निर्मित सामग्रीहरू र विद्यार्थीहरूबाट निर्मित सामग्रीहरू पनि रहेको पाइन्छ । विद्यालयले पनि विभिन्न किसिमका शैक्षिक सामग्रीको चार्टहरू खरिद गरी सिकाइलाई प्रभावकारी बनाउन सहयोग गरेको देखिन्छ ।

नमूना छनोटका ३ वटा विद्यालयमा एटलस, राष्टिय गान चार्ट, पाठ्यपस्तक, कम्प्यूटर, ए.वि.सी देखि जेट सम्मको चार्ट, शिक्षक निर्देशिका, पत्रपत्रिका, पाठ्यक्रम, १ देखि १०० सम्मका सङ्ख्या पती, ए देखि जेट सम्मका अक्षरहरूको चार्ट, विज्ञान शिक्षणका सामग्री, शिक्षक डायरी, नेपालको नक्सा, ज्यामिति बाकस जस्ता सामग्रीहरू साझारुपमा प्रयोग भएको पाइयो । वुद्ध आदर्श मा.वि.मा सवारी साधनको चार्ट, रोमन सङ्ख्या पती, आयत, त्रिभूज, बहुभूज, वृतका चित्र, कैचि, ऐना, टेलिस्कोप, लेन्स सामग्रीहरू आदर्श मा.वि. र त्रिभूवन मा.वि. मा नभएका छुटै सामग्री प्रयोग भएको पाइयो ।

### ४.१.२ मूल्यका आधारमा शौक्षिक सामग्री

कक्षा शिक्षणका लागि प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरू कम मूल्य वा बिना मूल्यका हुन्छन । कक्षा शिक्षणका क्रममा स्थानिय स्तरमा प्राप्त गर्न सकिने शैक्षिक सामग्रीलाई पनि प्रयोग गर्न सकिन्छ । हामी शैक्षिक सामग्री भन्ना साथ बजारबाट खरिद गरेका झिलिमिलि खालका शैक्षिक सामग्री भन्ने सम्झने गर्दछौं तर शैक्षिक सामग्री आर्थिक व्ययभार कम पर्ने र नपर्ने गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । स्थानिय सामग्री र प्रविधिको प्रयोगले कम मूल्य पर्ने र मूल्य नपर्ने सामग्री प्राप्त हुने, त्यस्ता सामग्रीहरूका बारेमा परिचित भइरहेको हुने भएकाले तिनको प्रयोग सहज वास्तविक हुन जान्छ । मूलत हाम्रा वरपरका शैक्षिक सामग्रीको विकासमा स्थानिय स्रोतलाई परिचालन गरिएमा विदेशी, वढि मोल पर्ने उच्च स्तरका शैक्षिक सामग्री प्रयोगमा ल्याउनुको सट्टा स्थानिय सुपथ मूल्यका र शिक्षक विद्यार्थी दुवै परिचित सामग्रीको प्रयोगले पठनपाठन बढि प्रभावकारी हुन्छ । नमुना छनोटमा परेका विद्यालयमा कति मूल्य वा कस्तो मूल्यका सामग्री प्रयोग गरी कक्षा शिक्षण गरिएको रहेछ भनी खोजी गरिएको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका २: मूल्यका आधारमा शैक्षिक सामग्री प्रयोगको अवस्था

| विद्यालय | विनामूल्यका सामग्री | कम मूल्यका सामग्री | वढि मूल्यका सामग्री |
|---|---|---|---|
| आदर्श मा.वि | पत्रपत्रिका ,चुरोटको वट्टा , सिसाको वोतल, हलो, गोटि, काठको टुक्रा, पुराना भित्तेपात्राहरू | नक्सा ,रेडियो, टेपरेर्कडर, फोटो, थमपिन, शिक्षण पत्रिका, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तामको तार, वेलुन | टेलिफोन, विज्ञान शिक्षणका सामग्री, सामाजिक शिक्षणका सामग्री, कम्प्यूटर |
| वुद्ध आदर्श | छेस्का, लठ्ठी, वोतल, ढुङ्गा, वालुवा, गुन्द्री सुकुल, वोटविरूवा र तिनका हाँगा, पात, फुल | शिक्षक र विद्यार्थी निर्मित सामग्री ,शिक्षक निर्देशिका, तामाको तार, वेलुन, पाठ्यपुस्तक, नक्सा, रेडियो, शिक्षणपत्रिका | टेलिफोन, सामाजिक शिक्षणका सामग्री, कम्म्यूटर, लेन्स |
| त्रिभूवन मा.वि | कागजको वाकस, चुरा, फूल,जरा, पात, पत्रपत्रिका, वोतल, माटो | पेचकिला, शिक्षण निर्देशिका, पाठ्यपुस्तक, मिटर, स्केल, धागो ,कैचि | भाषा शिक्षणका सामग्री,विज्ञान शिक्षणका सामग्री, कम्प्यूटर, लेन्स, |

स्रोतःस्थलगत सर्वेक्षण, २०७४

तालिका २ लाई विश्लेषण गर्दा कक्षा शिक्षणको क्रममा विद्यालयहरूले तीन किसिमका शैशिक सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । नमुना छनोटमा परेका तीन वटा विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको प्रयोगको तुलनात्मक अध्ययन गर्दा बढि मूल्यका सामग्रीहरू तीनै वटा विद्यालयहरूमा समान किसिमका सामग्रीहरू प्रयोग भएको पाइयो भने विना मूल्यका सामग्रीहरूतीनै वटा विद्यालयमा फरक-फरक सामग्रीहरूको प्रयोग भएको पाइयो । त्यसैगरी कम मूल्यका साम्रग्रीहरू प्रयोगको अवस्थालाई हेर्दा आदर्श मा.वि मा र वुद्ध आदर्श मा.वि मा एकै किसिमका सामग्री प्रयोग भएको देखिन्छ भने त्रिभूवन मा.वि मा भने कम मूल्यका फरक सामग्रीहरू प्रयोग भएको पाइन्छ । यसमा विना मूल्य, कम मूल्य र वढि मूल्यका सामग्री शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन वढि नै मूल्यका

सामग्रीको नै प्रयोग गर्नु पर्छ भन्ने हुँदैन । तुलनात्मक रुपमा ३ वटा विद्यालयहरू मध्ये विना मूल्यका सामग्री वढि मात्रामा प्रयोग गर्ने विद्यालय बुद्ध आदर्श देखियो भने वढि मूल्यका सामग्री प्रयोग गर्ने विद्यालय आदर्श मा.वि देखियो ।

### ४.१.३ विषयगत शैक्षिक साम्रगी प्रयोगको अवस्था

वर्तमान नेपालको पाठ्यक्रमअनुसार तहगत र विषयगतरूपमा पाठ्यपुस्तकको निर्माण गरी विद्यालयमा कार्यनयनमा रहेका छन । बिषयगत रूपमा तयार पारीएको पाठलाई कक्षा शिक्षणको लागि विद्यालयका शिक्षकले शैक्षिक सामाग्री उपयोग गर्दै पाठलाई प्रभावकारी बनाई विषयगत सिकाइ उपलब्धि उच्च बनाउन सहयोग पुग्दछ । अनुसन्धानका क्रममा नमुना छनोटमा परेका विद्यालयहरूमा विषयगत शैक्षिक सामग्री प्रयोगको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ३:विषयगत शैक्षिक सामग्री प्रयोगको अवस्था

| विद्यालय | आदर्श मा.वि | बुद्ध आदर्श मा.वि | त्रिभूवन मा.वि |
|---|---|---|---|
| भाषा( नेपाली अग्रेजी) | अक्षर, गोजी तालिका, वाक्यपत्ती, बाटो, कथा, कविता, पशुपंक्षी, लेख रचना | कापी किताब, लेखरचना, वाक्यपत्ती टुक्रे, अक्षर, गोजीतालिका | निवन्ध, शव्दपत्ती, कापी किताब, कथा कविता, लेखरचना |
| गणित | ढुङगा, स्केल, मिटर, ज्यामितिय आकृति, चित्र | मिटर स्केल, ढुङगा, ढ्याक, ज्यामितिय आकृति, चित्र | ढुङ्गा, मिटर, स्केल, ज्यामितिय आकृति, चित्र |
| सामाजिक, अर्थशास्त्र, जनसङख्या, वातावरण | नक्सा, ग्लोव, चार्ट, नमुना, जीवनी, पत्रपत्रिका, टेपरेकर्डर | नक्सा, ग्लोव, चार्ट, नमुना, जीवनी, पत्रपत्रिका, टेपरेकर्डर | नक्सा, ग्लोव, नमुना, जीवनी, पत्रपत्रिका, टेपरेकर्डर |
| विज्ञान | बोटविरूवा, जनावर, खोलानाला, ढुङ्गा, सलाइको बट्टा, रूमाल, साबुन | जनावर, ढुङ्गा, बोटविरूवा, खोलानाला, सलाईको बट्टा, रूमाल, साबुन | साबुन, रूमाल, चुरोटको बट्टा, खोलानाला, बोटविरूवा, जनावर, लेन्स,ज्यामिति वाकस, ग्लोव, स्केल, मिटर, चित्र |

स्रोत :स्थलगत सर्वेक्षण, २०७४

तालिका तीनलाई विशलेषण गर्दा नमुना छनोटमा परेका तीनै वटा विद्यालयमा विषयगतरूपमा शैक्षिक सामग्रीको निर्माण र सङ्कलन गरी प्रगोग गर्ने गरेका पाइयो । खास गरी नेपाली, अङ्ग्रेजी, विज्ञान, गणित, सामाजिक,अर्थशास्त्र, वातावरण र जनसङख्या विषय शिक्षणका लागि अलग अलग प्रकारका सामग्री रहेको र कक्षा शिक्षणको समयमा तिनीहरूको प्रयोग गरेको पाइयो । यसरी हेर्दा नमूना छनोटमा परेका विद्यालयमा विषयगतरूपमा शैक्षिक सामग्री व्यवस्थापन गरी पठनपाठन गरेको पाइयो । यसले सिकाइ उपलव्धि उच्च बनाउन मदत गर्नुका साथै शिक्षण प्रभावकारी हुन जान्छ । तुलनात्मक रुपमा ३ वटा विद्यालयहरू मध्ये विषयगतशैक्षिक सामग्री प्रयोगमा विज्ञान विषयमा त्रिभूवन मा.वि. सम्पन्न देखिन्छ भने गणित विषयमा  वुद्ध आदर्श मा.वि कमजोर देखिन्छ ।

### ४.१.४ स्थानिय शैक्षिक सामग्रीका स्रोतहरू र प्रयोग

विद्यालयको कक्षा कोठामा प्रयोग गरिने शैक्षिक सामग्रीहरू खर्चिलो र बढि मोल पर्ने नै हुनुपर्छ भन्ने छैन । यसका लागि स्थानियस्तरमा सङ्कलित र निर्मित सामग्रीको प्रयोग गरेर पनि शिक्षणलाई अर्थपूर्ण र प्रभावकारी बनाउन सकिन्छ । कुनै पनि विषयको शिक्षण प्रभावकारी, रोचक र व्यवहारमूलक बनाइ सकारात्मकरूपमा शिक्षाको वृद्धि गर्ने महत्त्वपूर्ण साधन नै शैक्षिक सामग्री हुन् । स्थानीय साधन स्रोतमा आधारित भइ विद्यार्थीका दैनिक जीवन सम्बद्ध सामग्रीबाट निमार्ण गरिने सामग्रीलाई स्थानिय शैक्षिक सामग्री भनिन्छ । विद्यार्थीसँग परिचित, उनीहरूले दैनिक जीवनमा प्रयोग गरेर फालेका वा मूल्य नपर्ने सामग्रीबाट यस्ता सामग्री बनाइन्छ । यसरी बनाइएका स्थानिय शैक्षिक सामग्रीले सिकाइलाई प्रभावकारी, मनोरञ्जन र विद्यार्थीको बानी व्यहोरामा परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछ । नमुना छनोटमा परेका विद्यालयमा स्थानिय सामग्री प्रयोगको अवस्थालाई निम्न तालीकामा प्रस्तुत गरिएको छ ।

तालीका ४:स्थानिय शैक्षिक सामग्रीका स्रोतहरू र प्रयोग

| विद्यालय | विद्यार्थी सङ्कलित | शिक्षक सङ्कलित |
|---|---|---|
| आदर्श मा.वि | विभिन्न जातका बोटविरूवा, ढुङ्गा, बाँस, छेस्का, माटो, चुराका बट्टा, | कम्प्यूटर, विज्ञान प्रयोगशालाका सामग्री, ग्लोव, पुस्तक, पङ्खा, विजुलीको तार, पात्रो |
| वुद्ध आदर्श मा.वि | माटोका नमूना फलफूलका आकारहरू, कागज, गुन्द्रि बोतल, | तामाको तार, गुच्छा व्याट्री, कागजको बाकस, |
| त्रिभूवन मा.वि | घडी, पुस्तक, पङ्खा, ज्यामिति वाकस, तस्विर, काठको गाडीहरूको नमूना, टीनको बट्टा, | कार्डवोड, कागज, पिन, पात्रो तस्विर, विजुलीको तार, |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका ४ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूमा महङ्गो पर्ने शैक्षिक सामग्रीको मात्र प्रयोग नगरेर स्थानियस्तरमा प्राप्त गर्न सकिने शिक्षक र विद्यार्थीले सङ्कलन गरेका शैक्षिक सामग्रीको पनि प्रयोग गरी शिक्षण गरेको अवस्था पाइयो । शिक्षणलाई प्रभावकारी बनाउन खर्चिला र महङ्गो सामग्रीको मात्र प्रयोग नगरी स्थानिय सामग्रीहरूलाई प्रयोग गर्नुपर्छ भन्ने मान्यतालाई स्वीकार्दै शिक्षण सिकाइ क्रियाकलापमा त्यस्ता सामग्रीहरू प्रयोग गरेको पाइयो । स्थानियस्तरमा खेर गइरहेका सामग्रीहरूको सदुपयोग गरी शैक्षिक सामग्रीको निर्माण गरी पठनपाठनमा सहजता ल्याउन सकिने देखिन्छ । यसरी शिक्षक तथा विद्यार्थीबाट स्थानियस्तरमा उपलब्ध स्थानिय सामग्रीहरूको सङ्कलन गरी प्रयोग गर्दा विद्यालयलाई आर्थीक भार कम हुनुका साथै विद्यार्थीहरूले पनि स्थानियस्तरका सामग्रीहरूबाट अध्यापन गराउँदा बुझ्न सजिलो हुने र शिक्षण कार्य प्रभावकारी हुने देखिन्छ । स्थानिय शैक्षिक सामग्री सङ्कलन र प्रयोगमा शिक्षक र विद्यार्थी

सक्रिय भएको पाइएता पनि यसलाई अझै सक्रियताका साथ सङ्कलन व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।

नमूना छनोटका ३ वट्टा विद्यालयहरू मध्ये आदर्श मा.वि. मा विद्यार्थीहरूले सङ्कलित गरेका सामग्रीहरूको प्रयोग गरेको पाइयो भने त्रिभूवन मा.वि. मा शिक्षक सङ्कलित सामग्रीहरूको प्रयोग भएको पाइयो । प्र.अ. ले शिक्षक र विद्यार्थीलाई सामग्री सङ्कलन र प्रयोगमा उत्प्रेरणा जगाउने हो भने सामग्री सङ्कलनमा कुनै असहज परिस्थितीको सिर्जना नहुने देखिन्छ ।

### ४.१.५ तहगत शैक्षिक सामग्री प्रयोगको अवस्था

शैक्षिक योजनाले राखेका उद्देश्यहरू परिपूर्ति गर्ने क्रमम प्रयोगमा ल्याइने सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । जसको प्रयोगबाट अमूर्त कुरालाई मूर्त रूप दिन शिक्षक विद्यार्थी दुबैलाई सहयोग पुग्दछ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक तथा विद्यार्थीले प्रयोग गर्ने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइ निर्धारित उद्देश्य प्राप्तिमा सहायक बनाउनका लागि विभिन्न किसिमका शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्दछ (शर्मा पौडेल, २०७२)। नमुना छनोटमा परेका विद्यालयको अवस्था अध्ययनका लागि गरिएको स्थलगत सर्वेक्षणबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: तहगत शैक्षिक सामग्री प्रयोगको अवस्था

| तह | आदर्श मा.वि. | वुद्ध आदर्श मा.वि | त्रिभुवन मा.वि |
|---|---|---|---|
| आधारभूत तह | सलाई, विज्ञान शिक्षणका सामग्री ग्लोव, एटलस, कम्प्यूटर, शिक्षक निर्देशिका, माटो, चुरोटको बट्टा, गुच्चा, ढुङ्गा, गोजितालिका, जरा, पात, इट्टा,चुरा | अक्षर पत्ती, गुन्द्री, गोजी तालिका, चित्र, चार्ट, ग्लोव , नक्सा, पेचकिला, ग्लोव, कम्प्यूटर, शिक्षक निर्देशिका, एटलस, विज्ञान शिक्षणका सामग्री, | कार्पेट, खेलैना, चुरोटको वट्टा, गुच्चा, ग्लोव नक्सा चित्र, चार्ट, रवर चुरा कम्पूटर, एटलस, विज्ञान शिक्षणका सामग्री |
| माध्यमिक तह | त्रिभुज, कम्प्यूटर, वृतकारवस्तु पुस्तक, शिक्षक, निर्देशिका, एटलस, विज्ञान शिक्षणका सामग्री, सामाजिक शिक्षणका सामग्री गोजी तालिका | पाठ्यपुस्तक, शिक्षक निर्देशिका, ग्लोव, नक्सा, चार्ट, कम्प्यूटर, ज्यामिति वाकस, एटलस, विज्ञान शिक्षणका सामग्री, साममजिक शिक्षणका सामग्री | चित्र, ढक, तराजु, मैनवत्ति कम्प्यूटर, एटलस, विज्ञान शिक्षणका सामग्री, सामाजिक शिक्षणका सामग्री |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका ५ लाई विश्लेशण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूमा तहगत रूपमा शैक्षिक सामग्री व्यवस्थापन गरी प्रयोग गरेको पाइयो । खास गरी आधारभूत र माध्यमिक तहमा उपयोगी प्रभावकारी सामग्रीको प्रयोग गरी शिक्षण गरेको देखिन्छ । विद्यालयहरूमा तहगत रूपमा प्राय : एकै किसिमका शैक्षिक सामग्री प्रयोग हुने गरेको देखिन्छ । आधारभूत र माध्यमिक तहहरू मध्ये सबै भन्दा बढि आधारभूत तहमा र सबै भन्दा कम माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोग भएको देखिन्छ । प्र.अ र शिक्षकहरूसँग गरिएको छलफलका क्रममा ति सामग्रीको निर्माण र संकलनमा शिक्षक

विद्यार्थी र विद्यालयको आन्तरिक स्रोतलाई परिचालन गरी संकलन गरिएको रहेछ । यसरी हेर्दा नमूना छनोटमा परेका विद्यालयहरू मध्ये सबै भन्दा बढि सामग्री वुद्ध आदर्श मा.वि. ले प्रयोग गरेको देखियो भने सवै भन्दा थोरै सामग्री त्रिभूवन मा.वि. ले प्रयोग गरेको पाइयो ।

## ४.२ शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवालाको भूमिका

प्रत्येक वर्ष नेपाल सरकारले शिक्षाको क्षेत्रमा ठूलो धनराशी खर्च गर्ने गरेको छ । हरेक बर्ष नेपाल सरकारले शैक्षिक सामग्री खरिदका लागि विद्यालयहरूलाई अनुदान दिने गरेको छ तर सरकारले दिएको अनुदानले मात्र शैक्षिक सामग्रीको खरिदको लागि रकम पर्याप्त नहुने हुनाले विद्यालयका सरोकारकारवाला निकायले विद्यालयलाई सहयोग गर्दै आएका छन् । विद्यालयका सरोकारवाला निकायहरूको शैक्षिक सामग्री निर्माण र सङ्कलनमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयका सरोकारवाला निकाय भन्नाले अभिभावक, सङ्घ/संस्था, गाउँपालिका/ नगरपालिका, सरकार, विद्यार्थी, शिक्षक, स्थानिय निकाय, जिल्ला शिक्षा कार्यलय, स्रोतकेन्द्रलाई लिइएको छ । सरोकारवाला निकायहरूले जति बढि विद्यालयप्रति चासो देखाउँछन् त्यती नै बढि शैक्षिक सामग्री निर्माण र सङ्कलनमा मद्दत पुग्दछ । सरोकारवालाहरू निष्क्रिय भइदिँदा विद्यालय गतिविधिहरू पनि निष्क्रिय हुन्छन् । त्यसैले सरोकारवाला निकायहरू शैक्षिक सामग्री निर्माण र सङ्कलनमा जति बढि जिम्मेवार हुन्छन् त्यति नै बढि सिकाइ सरल र सहज हुन्छ । शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवाला निकायहरूलाई निम्नअनुसारका उपशीर्षक छनोट गरी प्राप्त सूचनाहरूलाई प्रस्तुत गर्दै छलफल र विश्लेषण गरिएको छ ।

### ४.२.१ सङ्घ/संस्थाले उपलब्ध गराएका शैक्षिक सामग्री

विद्यालयहरूमा शैक्षिक सामग्री जुटाउन ठूलो धन रासी खर्च गर्नु पर्ने हुन्छ । जुन विद्यालयको बजेटले मात्र सम्भब हुँदैन । सबै विषय र तहका लागि पर्याप्त शैक्षिक सामग्री जुटाउन त झन मुस्किलको विषय हो । त्यसैले सङ्घ/संस्थाहरूले विद्यालयहरूलाई हरेक बर्ष विभिन्न शैक्षिक सामग्रीहरू उपलब्ध गराउँछन् भने कतिपय सङ्घ/संस्थाले विद्यालयमा शैक्षिक सामग्री खरिदका लागि रकम उपलब्ध गराउँदै आएको पाइन्छ । सङ्घ/संस्थाहरूले यसरी विद्यालयलाई सहयोग गर्नाले विद्यार्थीहरूको पठनपाठनमा सहयोग पुगेको देखिन्छ । त्यसैले शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सङ्घ/संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको

हुन्छ । सङ्घ/संस्थाहरूले विभिन्न वर्षमा उपलब्ध गराएका शैक्षिक सामग्री र नगद विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: सङ्घ/संस्थाले विभिन्न वर्षमा उपलब्ध गराएका शैक्षिक सामग्री

| क्र.सं. | विद्यालय | सङ्घ/संस्था | शैक्षिक सामग्रीको नाम | २०७१ | २०७२ | २०७३ | २०७४ |
|---|---|---|---|---|---|---|---|
| १ | आदर्श मा.वि. | -जिल्ला विकास समिति | -नगद | - | १,००,००० | - | - |
| | | -ग्रामीण विकास बैङ्क | -पुस्तकहरू | | | ५०,००० | |
| २ | बुद्ध आदर्श | -जिल्ला विकास समिति | -शैक्षिक सामग्री खरिदका लागि | ५०,००० | - | - | |
| | | -नेपाल वहुउद्देश्य सहकारी संस्था | नगद -कम्प्युटर (२ वटा) | | | | ९०,००० |
| ३ | त्रिभुवन मा.वि. | -साना सहरी खानेपानी उपभोक्ता समिति | -विज्ञान प्रयोग शालाका सामग्री -शैक्षिक सामग्री | | | | ८०,००० |
| | | -जिल्ला शिक्षा कार्यालय | खरिदका लागि नगद रकम | | ५०,००० | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ६ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूलाई सङ्घ/संस्थाहरूले शैक्षिक सामग्री निर्माण र खरिदका लागि आर्थिक सहयोग गरेको पाइयो । नमुना छनोटमा परेको आदर्श मा.वि.लाई जिल्ला विकास समितिले २०७२ सालमा रू १ लाख शैक्षिक सामग्री खरिदका लागि आर्थिक सहयोग गरेको पाइयो । त्यसैगरी वि.स. २०७३ सालमा ग्रामीण विकास बैङ्कले रू ५० हजार बराबरको पुस्तकहरू उपलब्ध गराएको पाइयो । नमूना छनोटको अर्को विद्यालय बुद्ध आदर्शलाई पनि जिल्ला विकास समितिले

वि.स.२०७१ सालमा शैक्षिक सामग्री खरिदका लागि रू ५० हजार आर्थिक सहयोग गरेको पाइयो । त्यसैगरी नेपाल बहुउद्देश्य सहकारी संस्थाले रू ९० हजार बराबरको २ वटा कम्प्यूटर उपलब्ध गराएको छ । त्रिभूवन मा.वि.लाई भने जिल्ला विकास समितिले सहयोग गरेको पाइएन । वि.स. २०७४ सालमा साना सहकारी खानेपानी उपभोक्ता समितिले विज्ञान प्रयोगशालाका सामग्री खरिदका लागि रू८० हजार आर्थिक सहयोग गरेको पाइयो । त्यसैगरी जिल्ला शिक्षा कार्यलयले शैक्षिक सामग्री खरिदका लागि वि.स. २०७२ सालमा रू५० हजार आर्थिक सहयोग गरेको पाइयो । यसरी हेर्दा नमूना छनोटमा परेका विद्यालयहरूलाई सङ्घ/संस्थाहरूले केहि मात्रामा मात्र सहयोग गरेको पाइयो ।

सङ्घ/संस्थाहरूसँग शैक्षिक सामग्री मागका लागि पहुँच पुऱ्याउने कार्यमा विद्यालय पछाडि रहेको पाइयो । सङ्घ/संस्थाहरूले विद्यालयलाई प्रत्येक बर्ष सहयोग पुऱ्याउँनु पर्नेमा कहिलेकाहीँ मात्र सहयोग गरेको पाइयो र प्राप्त सहयोग पनि उल्लेखिय मात्रामा नरहेको आंशिक सहयोग गरेको पाइयो । शैक्षिक सामग्री मागका लागि सङ्घ/संस्थामा विद्यालयको पहुँच कमजोर रहेको पाइयो र नमुना छनोटका तीनै वटा विद्यालयलाई गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट शैक्षिक सामग्री प्राप्त हुन नसकेको देखियो ।

### ४.२.२ विद्यार्थीहरूले सङ्कलन गरेका शैक्षिक सामग्रीहरू

विद्यार्थीहरू विद्यालयको मुख्य लगानीको रूपमा रहेका हुन्छन् र विद्यालयले जे जति कार्यहरू गर्दछन् ती सबै विद्यार्थीहरूको सिकाइ उपलब्धी बृद्धिका लागि गरिन्छ । शैक्षिक सामग्री निर्माण, प्रयोग र सङ्कलन तथा सुरक्षामा विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ । शिक्षकको निर्देशनमा विद्यार्थीबाट थुप्रै कार्यहरूमा सहयोग लिन सकिने देखिन्छ । विशेष गरी विद्यार्थीहरूलाई शिक्षण कार्यमा आवश्यक पर्ने स्थानिय स्तरमा उपलब्ध हुने सामग्रीहरू सङ्कलनमा ठूलो योगदान पुऱ्याउन सक्ने देखिन्छ र कक्षाकोठामा भएका शैक्षिक सामग्रीहरूलाई संरक्षण प्रदान गर्न विद्यार्थीको भूमिका रहेको हुन्छ । शिक्षक तथा विद्यार्थीबिच सुमधुर सहयोगी सम्बन्धको विकास गरी शिक्षण कार्यलाई आवश्यक सामग्री निर्माण, प्रयोग तथा सङ्कलनमा विद्यार्थीहरूको सहयोग महत्त्वपूर्ण हुने देखिन्छ । यसरी विद्यार्थीहरूलाई सामग्री सङ्कलन, प्रयोग र निर्माणमा सरिक गराउँदा बालबालिकाहरूमा जिम्मेबारी तथा दायित्त्व बोधको पनि विकास हुने देखिन्छ । नमूना विदालयहरूमा

विद्यार्थीहरूले सङ्कलन गरेका शैक्षिक सामग्रीहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका७: विद्यार्थीले उपलब्ध गराएका शैक्षिक सामग्री

| क्र.सं. | विद्यालय | शैक्षिक सामग्रीको नाम |
|---|---|---|
| १ | आदर्श मा.वि. | विज्ञान विषयमा प्रयोग गरिने विभिन्न बोटविरूवाहरू, तार, व्याट्री, चुम्बक, चुराका बट्टा, वाँसका छेस्का, माटोका नमूना फलफूल आकार, ग्लोव, पात्रो |
| २ | बुद्ध आदर्श | माटाका विभिन्न फलफूल विभिन्न बोटविरूवा साइकलका चक्काहरू, सलाइका बट्टा, बोतल, बाँसका सिन्का, काठका गाडीहरूको नमूना, ज्यामिति बाकस, घडि, तस्विर, पुस्तक |
| ३ | त्रिभुवन मा.वि. | तार, विभिन्न चित्रहरू, माटोका फलफूल, तस्विर, कागजको डुङ्गा, टिनको बट्टा |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ७ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्री निर्माण र सङ्कलनमा विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । विद्यार्थीहरूले शैक्षिक सामग्रीको सङ्कलन गर्दा स्थानियस्तरमा प्राप्त गर्न सकिने, आफ्नो क्षमता र सीपको प्रयोग गरि निर्माण गर्न सक्ने रकम मूल्यका मात्र शैक्षिक सामग्रीको सङ्कलन गरेको पाइयो । ३ वटा विदालयमा सङ्कलित सामग्रीहरूलाई हेर्दा सबै भन्दा बढि सामग्री बुद्ध आदर्श मा.वि.का विद्यार्थीहरूले सङ्कलन गरेको पाइयो भने सबभन्दा कम्ती त्रिभूवन मा.वि.का विद्यार्थीहरूले सङ्कलन गरेको देखिन्छ । विद्यार्थीहरूबाट सङ्कलित सामग्रीहरूलाई आदर्श उच्च मा.वि.ले सबैभन्दा बढि प्रयोगमा ल्याएको पाइयो । माथिको तालिकाबाट के पुष्टि हुन्छ भने विद्यार्थीहरूलाई उचित निर्देशन र हौसला प्रदान गर्ने हो भने विद्यार्थीहरूले पनि शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्ने सामग्रीहरूलाई सहजरूपमा सङ्कलन गर्न सक्दछन् र सिकाइलाई प्रभावकारिरी र दिर्घकालिन बनाउन विद्यार्थीहरूले सहयोग प्रदान गर्दछन् भन्न सकिन्छ । त्यसैले शैक्षिक सामग्री निर्माण र सङ्कलनमा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका पाइन्छ । तीनै वटा विद्यालयलाई तुलना गर्ने हो भने सबै

भन्दा बढि सामग्री बुद्ध आदर्श मा.वि. का विद्यार्थीले सङ्कलन गरेको पाइयो भने सबै भन्दा थोरै त्रिभूवन मा.वि. का विद्यार्थीले सङ्कलन गरेको पाइयो ।

### ४.२.३ शिक्षकले उपलब्ध गराएका शैक्षिक सामग्रीहरू

विद्यालयले शैक्षिक सामग्री सङ्कलन गर्ने क्रममा सबै आवश्यक शैक्षिक सामग्री खरिद गरेर मात्र पूरा हुन सक्दैन र कतिपय सामग्री खरिद गर्न चाहँदा पनि उपलब्ध हुन सक्दैन त्यसैले विद्यालयले आफ्नो स्रोत र साधन प्रयोग गरी शिक्षक तथा विद्यार्थीको सहयोगबाट शैक्षिक सामग्री निर्माण तथा सङ्कलन गराउनु पर्ने देखिन्छ । विद्यालयको शैक्षिक सामग्री निर्माण तथा सङ्कलनमा शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा प्रधानाध्यापकले शैक्षिक सामग्री निर्माणका लागि चाहिने आधारभूत कच्चा पदार्थ तथा सामग्रीहरूको राम्रो व्यवस्थापन गरी शिक्षकहरूलाई आफ्नो आफ्नो विषयको शैक्षिक सामग्री निर्माण तथा प्रयोगका लागि सल्लाह सुझाव र निर्माणका लागि सक्रिय बनाउनु पर्ने देखिन्छ ॥ नमूना विद्यालयहरूमा शिक्षकले सङ्कलन गरेका शैक्षिक सामग्रीहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८: शिक्षकले उपलब्ध गराएका शैक्षिक सामग्री

| क.सं. | विद्यालय | शैक्षिक सामग्रीको नाम |
|---|---|---|
| १ | आदर्श मा.वि. | कम्प्यूटर, ज्यामिति बाकस, ग्लोव एटलस, पङ्खा, विज्ञान शिक्षणका सामग्री, चुम्बक, पात्रो, तस्विर, विजुलीको तार नेपालको नक्सा, फर्निचर, घडी, पुस्तक पत्रपत्रिका, शिक्षक निर्देशिका |
| २ | बुद्ध आदर्श | सामाजिक शिक्षणका सामग्रीहरू, ग्लोव कम्प्युटर, विज्ञान शिक्षणका सामग्री, व्याट्री, तस्विर, तामो तार, चित्र तस्विर, ज्यामिति वाकस |
| ३ | त्रिभुवन मा.वि. | कार्डवोड, विज्ञान शिक्षणका सामग्री तस्विर, एटलस, पुस्तक, पङ्खा राष्ट्रिय गान चार्ट, पत्रपत्रिका |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ८ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्री निर्माण र सङ्कलनमा शिक्षकहरू पनि सक्रिय रूपमा सहभागी भएको पाइयो । शिक्षकहरूले सामग्रीको सङ्कलन गर्दा स्थानिय स्तरमा पाइने विना मूल्यका र कम मूल्यका सामग्रीहरू बढि सङ्कलन गरेको पाइयो । नमूना छनोटमा परेका विद्यालयहरूमध्ये सबै भन्दा बढि आदर्श मा.वि.का शिक्षकहरूले सामग्री सङ्कलन गरेको पाइयो भने सबै भन्दा थोरै त्रिभूवन मा.वि.का शिक्षकहरूले सङ्कलन गरेको पाइयो । शिक्षकले सङ्कलन गरेका सामग्रीहरूलाई शिक्षणका क्रममा प्राय तिनै वटा विद्यालयले प्रयोगमा ल्याएको पाइयो । नमूना छनोटमा परेका विद्यालयहरूमा शिक्षकले सङ्कलन गरेका सामग्रीहरू धेरै जसो एकै किसिमका रहेको पाइयो । सबै भन्दा बढि शैक्षिक सामग्री सङ्कलन र प्रयोग गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने हो भने शैक्षिक सामग्री सङ्कलन र प्रयोगमा शिक्षकहरूको सक्रियता बढेर जाने देखिन्छ तर विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण गर्ने शिक्षक र बिना शैक्षिक सामग्री शिक्षण गर्ने शिक्षकलाई एउटै दृष्टिकोणले हेर्ने परिपाटीले गर्दा शिक्षकहरू शैक्षिक सामग्री निर्माण र प्रयोगमा त्यती धेरै जिम्मेवार नरहेको पाइयो ।

नमूना छनोटका विद्यालयहरूमा प्र.अ.ले शिक्षकहरूलाई शैक्षिक सामग्री दिनुपर्छ भनेर उत्प्रेरणा जगाउने कुरामा कमजोर रहेको देखिन्छ भने शिक्षकहरूमा पनि शैक्षिक सामग्री प्रतिको जागरूकता र इच्छाशक्ति नरहेको अवस्था छ । समग्रमा शैक्षिक सामग्री सङ्कलन प्रति विद्यालय व्यवस्थापन समिति र प्र.अ.को भूमिका कमजोर रहेको देखिन्छ ।

### ४.२.४ सरकारले उपलब्ध गराएका शैक्षिक सामग्री

सरकारले प्रत्येक वर्ष शिक्षाको क्षेत्रमा ठूलो धनराशी खर्च गर्दै आएको देखिन्छ । शिक्षा राज्यको दायित्व हो । प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था गरिएको छ । दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर बोलाई सम्बन्धि अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट शिक्षा दिनु राज्यको दायित्व हो (नेपाल सरकार,२०७३ ) शिक्षाद्वारा नै व्यक्तिको व्यक्तित्व विकास हुन्छ । राज्यले व्यक्तित्व विकासलाई आफ्नो अनुकूल बनाउनका लागि शिक्षालाई एक साधनका रूपमा अपनाउँछ । राज्यलाई जे-जस्तो खालको नागरिकको आवश्यकता पर्दछ, त्यस्तै नागरिकको विकास शिक्षाको माध्यमबाट गर्ने प्रयास गर्दछ ।

त्यसैले राज्य र शिक्षाबिच घनिष्ठ सम्बन्ध छ (ढकाल र कोइराला, २०६४) । शिक्षाका क्षेत्रमा लगानी गर्नु राज्यको दायित्व हो । हरेक बर्ष सरकारले प्रत्येक विद्यालयलाई आर्थिक तथा सामग्री सहयोग गर्दै आएको देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९: सरकारले विभिन्न बर्षमा उपलब्ध गराएका शैक्षिक सामग्री

| क.सं. | विद्यालय | शैक्षिक सामग्री | साल र मूल्य | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७१ | २०७२ | २०७३ | २०७४ |
| १ | आदर्श मा.वि. | -कम्प्यूटर | १२०,००० | | | |
| | | -पुस्तक | | ९०,००० | | |
| | | -विज्ञान शिक्षणका सामग्री | | | २,००,००० | |
| | | -बाल शिक्षणका सामग्री | | | | १००,००० |
| २ | बुद्ध आदर्श | -कम्प्यूटर | | | | २००,००० |
| | | -खेल सामग्री | | १००,००० | | |
| | | -बाल शिक्षणका सामग्री | १००,००० | | | |
| | | -विज्ञान शिक्षणका सामग्री | | | ३००,००० | |
| ३ | त्रिभुवन मा.वि. | -कम्प्यूटर | २००,००० | | | |
| | | -पुस्तक | | ५०,००० | | |
| | | -विज्ञान शिक्षणका सामग्री | | | १८०,००० | |
| | | -खेल सामग्री | | | | १००,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ९ लाई विश्लेषण गर्दा नमूना छनोटमा परेका विद्यालयमा नेपाल सरकारले विभिन्न बर्षहरूमा आर्थिक सहयोग प्रदान गर्दै आएको पाइयो । नमूना छनोटमा परेको आदर्श मा.वि.लाई वि.सं. २०७१ सालमा कम्प्यूटर खरिदका लागि १लाख २० हजार नगद प्रदान गरेको पाइयो । त्यसैगरी वि.सं. २०७२ सालमा पुस्तक खरिदका लागि ९० हजार,

वि.सं. २०७३ सालमा २ लाख, वि.स. २०७४ सालमा १ लाख गरेको पाइयो । नमूना छनोटको अर्को विद्यालय बुद्ध आदर्श मा.वि.लाई वि.स. २०७१ सालमा २ लाख बराबरको कम्प्यूटर, वि.स. २०७२ सालमा खेल सामग्री खरिदका लागि रू १ लाख, वि.स. २०७३ सालमा बाल शिक्षणका सामग्री खरिदका लागि रू १ लाख र वि.स. २०७४ सालमा रू ३ लाख बराबरको विज्ञान शिक्षणका सामग्री प्रदान गरेको पाइयो ।

त्यसैगरी त्रिभूवन मा.वि.लाई वि.स. २०७१ सालमा २ लाख बराबरको कम्प्यूटर, वि.स. २०७२ सालमा पुस्तक खरिदका लागि ५० हजार, वि.स. २०७३ सालमा १ लाख ८० हजार बराबरको विज्ञान शिक्षणका सामग्री र वि.सं. २०७४ सालमा १ लाख बराबरको खेल सामग्री प्रदान गरेको पाइयो । नमूना छनोटका ३ वटा विद्यालयहरू मध्ये सबै भन्दा बढि बुद्ध आदर्श मा.वि.लाई नेपाल सरकारले नगद तथा सामग्री सहयोग गरेको पाइयो र त्यसैगरी सबै भन्दा कम्ती ५ लाख तीस हजार आदर्श मा.वि लाई सरकारले सहयोग गरेको पाइयो । यसलाई हेर्दा शैक्षिक सामग्री सबैमा भन्दा सबल विद्यालय बुद्ध आदर्श मा.वि. र कमजोर विद्यालय आदर्श मा.वि. रहेको पाइयो ।

### ४.२.५ अभिभावकको भूमिका

शैक्षिक सामग्री निर्माण र सङ्कलनमा अभिभावकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ तर नमूना छनोटमा परेका ३ वटै विद्यालयमा अभिभावकको भूमिका निष्क्रिय रहेको पाइयो । शैक्षिक सामग्री निर्माण र सङ्कलनका सम्बन्धमा अभिभावकको तर्फबाट कुनै पनि सहयोग प्राप्त भएको देखिदैंन । कक्षा शिक्षणका क्रममा आफ्ना बालबालिकाहरूलाई शिक्षकले सामग्री सहित शिक्षण गराउँछन् कि सामग्री विहिन शिक्षण गराउँदैछन् भनेर अभिभावकले विद्यालयमा चासो देखाउँनु पर्ने हो तर यहाँ नमूना छनोटका ३ वटै विद्यालयहरूमा अभिभावकको तर्फबाट कुनै सहयोग गरेको पाइएन । शैक्षिक सामग्री सङ्कलन र प्रयोगमा विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक र अभिभावकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय व्यवस्थापन समितिले प्र.अ. ले शिक्षकलाई सामग्री प्रयोग र सङ्कलनमा कतिको उत्प्रेरणा जगाउँदै आएको छ भनेर निगरानी राख्नुपर्ने देखिन्छ भने प्र.अ.ले सङ्कलित सामग्रीलाई शिक्षकले वास्तविक कक्षाकोठामा सामग्री प्रयोगमा उत्प्रेरणा जगाउनु पर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समिति, प्र.अ. र शिक्षकले अभिभावक समक्ष सामग्री निर्माण र सङ्कलमा उत्प्रेरणा जगाउँनु पर्ने देखिन्छ तर विद्यालय प्रशासनले अभिभावक समक्ष कुनै

पनि सामग्री माग नगरेको, सामग्री निर्माण र सङ्कलनमा कुनै पनि तवरबाट उत्प्रेरणा नजगाएको र अभिभावकले पनि विद्यालयप्रति कुनै जिम्मेवारी नदेखाएको पाइयो । समग्रमा शैक्षिक सामग्री निर्माण र सङ्कलनका लागि अभिभावकमा विद्यालयको पहुँच कमजोर रहेको पाइयो । अभिभावको भूमिकाको सन्दर्भमा एक जना अभिभावक यसो भन्नु हुन्छ ।

> बालबालिकाहरूलाई स्कूल पठाउने कर्तव्य हाम्रो हो पठाइदिएकै छ । शैक्षिक सामग्री हामीले किन व्यवस्ता गरीदिने जे गर्छन विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, प्र.अ. ले गर्दछन । त्यसमा पनि गाउँपालिका छ, नगरपालिका छ, जिल्ला विकास छ, स्थानीय दाताहरू छन, संघ/संस्थाहरू छन । हामीले किन वेर्होने ? शिक्षा राज्यको दायित्त्व हो । शिक्षामा लगानी राज्यले गर्नु पर्छ ।

अभिभावकले छोराछोरीलाई स्कूल पठाउनु मात्र आफ्नो कर्तव्य ठानेको र शैक्षिक सामग्री निर्माण, प्रयोग र सङ्कलन गर्ने जिम्मेवारी विद्यालयको हो । विद्यालयले नै सम्पूर्ण सामग्रीको व्यवस्था गर्नपर्छ भन्ने धारणा अभिभावकहरूको पाइयो । आफूमा कुनै पनि जिम्मेवारी नरहेको र सम्पूर्ण जिम्मेवारी अरूलाई सुम्पिएर आफूमा कुनै पनि दायित्त्व बोध नभएको देखियो ।

अभिभावकको भूमिकाका सन्दर्भमा अर्को जना अभिभावक यसो भन्नु हुन्छ ।

> शैक्षिक सामग्री दिनु त पर्ने हो । सरहरूले हामीलाई आएर भन्नु भएको पनि छैन । वास्तवमा विद्यालय हाम्रो हो, शैक्षिक सामग्री हाम्रा नानीहरूका लागि हो, सामग्री दिए राम्रै हुन्छ । सोचेको पनि हो तर सरहरू आएर भन्नु पनि हुन्न, अभिभावक बैठकमा वोलाउनु पनि हुन्न, वैठकमा वोलाई हालेमा पनि शैक्षिक सामग्री सम्वन्धी कुरा नि उठाउनु हुन्न  किन हो ? केहि थाहा छैन ।

विद्यालयले अभिभावक समक्ष कुनै पनि सामग्री माग नगरेको र अभिभावक बैठकमा समेत शैक्षिक सामग्री सम्वन्धी कुरो नउठाउँदा अभिभावकहरूमा गुनासो रहेको पाइयो । विद्यालयले अभिभावक समक्ष पहुँचको विस्तार गरेमा अभिभावकबाट सहयोग प्राप्त हुने देखियोब । अभिभावकहरूमा विद्यालय हाम्रो हो विद्यालयलाई  सहयोग गर्नु पर्छ भन्ने सकारात्मक भावना रहेको पाइयो ।

## ४.३ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू

जुनसुकै शिक्षण विधि अपनाएर शिक्षण गरेता पनि शिक्षणलाई रोचक र प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग आवश्यक हुन्छ । शिक्षण विधि र शैक्षिक सामग्रीको एक आपसमा सम्बन्ध रहेको हुन्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा शिक्षकले सचेत रहेर सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ । शिक्षण सामग्री एकातिर र विषयवस्तु अर्को तिर भएमा शिक्षण फलदायी नहुन सक्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा पाठको सन्दर्भ र उपयुक्त समयमा मात्र प्रयोग गर्नु राम्रो देखिन्छ । अनावश्यक समयमा प्रयोग गर्दा हो-हल्ला हुने र पाठको उद्देश्य पूरा गर्न बाधा पुग्न सक्ने समस्याहरू देखिन्छन् (आचार्य, ढकाल, निरौला, दाहाल र कोइराला, २०६९) । सामग्रीको प्रयोग गर्दा सिकारूलाई उत्प्रेरित गर्ने, सबैले देख्ने र पर्याप्त ठूला साइजका सामग्री भएमा शिक्षण प्रभावकारी हुने देखिन्छ । सामग्री प्रयोग गर्नु अघि विद्यार्थीको उमेर, कक्षाको तह र विद्यार्थीको चाखलाई ध्यानमा राखेर शैक्षिक सामग्री प्रयोग गर्नाले शिक्षण राम्रो हुने देखिन्छ । शैक्षिक सामग्रीको प्रयोगमा देखिएको समस्याहरूलाई वास्तविक रूपमा प्रस्तुत गर्न निम्नअनुसारका उपशीर्षकहरूको छनोट गरी प्रस्तुत गरिएको छ ।

### ४.३.१ शैक्षिक सामग्री प्रयोगका समस्याहरू

विद्यालयमा उपलब्ध भएका सामग्रीहरूको प्रभावकारी प्रयोग गर्न नसक्नुका सम्बन्धित पक्षका रूपमा शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय, प्रशासन, विद्यालय व्यवस्थापन समितिलाई लिन सकिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### क) शिक्षकसँग सम्बन्धित समस्याहरू

वास्तवमा शिक्षकहरूले शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गरेमा सिकाइ प्रभावकारी हुन्छ । शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा सबै भन्दा बढि जिम्मेवार पक्ष भनेको नै शिक्षकहरू हुन तर यी जिम्मेवारी लिने पक्षहरूमा पनि शैक्षिक सामग्री प्रयोगमा समस्याहरू देखिएका छन् जुन निम्नानुसार छन् ।

तालिका १०: शिक्षकसँग सम्बन्धित समस्याहरू

| क.सं. | समस्याहरू |
|---|---|
| १. | साप्ताहिक शिक्षण भार बढि हुनु । |
| २. | शिक्षक तालिमको अपर्याप्तता । |
| ३. | कक्षाकोठाको वातावरण अनुकूल नहुनु । |
| ४. | समय अभाव |
| ५. | सामग्री प्रयोग गर्ने र नगर्ने शिक्षक बीच समान व्यवहार । |
| ६. | दण्ड र पुरस्कारको अभाव |
| ७. | अनुगमन र निरिक्षणको अभाव |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका १० लाई विश्लेषण गर्दा विद्यालयको कक्षाकोठामा शैक्षिक सामग्री प्रयोगका समस्याहरूमा शिक्षकको साप्ताहिक कार्यभार बढि हुनाले चाहे जति र आवश्यकता अनुसारको सामग्री सहितको शिक्षण हुन नसकेको देखिन्छ । दिन प्रतिदिन नयाँ नयाँ आधुनिक प्रविधिका सामग्रीहरू बजारमा उत्पादन हुन्छन् । जुन सामग्री प्रयोगका लागि शिक्षक तालिमको अपर्याप्तताका कारण उपलब्ध शैक्षिक सामग्रीलाई पनि शिक्षकले कक्षाकोठामा प्रयोग गर्न नसकेको देखिन्छ । शैक्षिक सामग्री प्रयोगका लागि शान्त वातावरणको आवश्यकता पर्दछ । सामग्री प्रदर्शन गर्न खोज्दा विद्यार्थीहरू हो-होल्ला गर्ने, गफ गर्ने कारणले गर्दा पनि शैक्षिक सामग्रीको प्रयोगमा समस्या उत्पन्न भएको पाइन्छ । शैक्षिक सामग्री प्रयोग गर्ने र नगर्ने शिक्षकलाई समान व्यवहार गर्नाले पनि सामग्री प्रयोगमा समस्या उत्पन्न हुने देखिन्छ । राम्रो शिक्षण गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्थ ागर्ने र सामग्रीविहीन शिक्षण गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्ने हो भने पनि सामग्रीको प्रयोग बढेर जाने देखिन्छ । त्यसैगरी अनुगमन र निरिक्षणको अभावले गर्दा कम  शैक्षिक सामग्री प्रयोग भएको पाइन्छ ।

**ख) विद्यार्थीसँग सम्बन्धित समस्याहरू**

शैक्षिक सामग्री प्रयोगको जिम्मेवार पक्षका रूपमा विद्यार्थीलाई लिन सकिन्छ । विद्यार्थीहरूलाई शिक्षकहरूले सामग्री सङ्कलनमा उत्प्रेरणा जगाएमा सामग्री प्राप्त गर्न

सकिन्छ । शैक्षिक सामग्री प्रयोगमा विद्यार्थीसँग सम्बन्धित समस्याहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ११: विद्यार्थीसँग सम्बन्धित समस्याहरू

| क.स. | समस्याहरू |
|---|---|
| १ | सामग्री आकर्षक नहुनु । |
| २ | विद्यार्थीको उमेर र स्तर अनुसारको सामग्री नहुनु । |
| ३ | स्थानीय सामग्रीको प्रयोग नहुनु । |
| ४ | सबैले देख्ने साइजका सामग्री नहुनु । |
| ५ | विद्यार्थीलाई उत्प्रेरित गर्ने खालको सामग्री नहुनु । |
| ६ | ठोस सामग्रीको प्रयोग नगरिनु । |
| ७ | विषयवस्तुसँग मेल नखाने शैक्षिक सामग्री हुनु । |
| | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ११ लाई विश्लेषण गर्दा कक्षाकोठामा प्रयोग गरिने सामग्री आकर्षक हुनुपर्दछ । यदि सामग्री आकर्षक नभएमा विद्यार्थीहरू विषयवस्तु भन्दा बाहिर जाने सम्भावना बढेर जान्छ जसले गर्दा सामग्री प्रयोगमा प्रत्यक्ष असर पर्दछ । विद्यार्थीको स्तर र उमेरअनुसारका शैक्षिक सामग्रीको अभावले गर्दा विद्यार्थी सामग्री प्रयोग गर्दा ध्यान नदिने, हो-हल्ला गर्ने पाठको उद्देश्य पूरा गराउन वाधा पुऱ्याउने जस्ता समस्याहरूको सिर्जना भएको देखिन्छ । सामग्री प्रयोग गर्दा सकेसम्म स्थानिय र विद्यार्थी परिचित सामग्रीको प्रयोग नगर्नाले विद्यार्थीहरू सामग्रीसँग नै अपरिचित हुनाले सामग्री प्रयोगमा समस्या उत्पन्न भएको पाइन्छ । कक्षाकोठामा प्रयोग गरिने सामग्रीहरू सबैले देख्ने, पर्याप्त ठूला साइजका हुन आवश्यक हुन्छ तर सामग्रीहरू सबै विद्यार्थीले पछाडिसम्म देख्न नसक्ने, साना साइजका, अस्पष्ट सामग्री भएमा विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरित गर्न सकिदैन जसले सामग्री प्रयोगमा समस्या उत्पन्न गराएको पाइन्छ । ठोस सामग्रीको प्रयोग गर्दा सिकाइ दिगो हुन्छ तर ठोस सामग्रीको प्रयोग नगर्नाले सिकारूहरू सामग्री प्रयोग गर्न उत्साहित नभएको देखिन्छ । सामग्रीको प्रयोग गर्दा विषयवस्तुसँग मेल खाने सान्दर्भिक सामग्रीको

प्रयोग गर्नुपर्ने देखिन्छ तर सामग्री एकातिर र विषयवस्तु अर्कोतिर भएमा पाठको उद्देश्य पूरा गराउँन सकिँदैन जसले गर्दा सामग्री प्रयोगमा समस्या उत्पन्न भएको देखिन्छ ।

**ग) विद्यालय प्रशासनसँग सम्बन्धि समस्या**

शैक्षिक सामग्री प्रयोगको सबैभन्दा जिम्मेवार पक्षका रूपमा विद्यालय प्रशासनलाई लिन सकिन्छ । शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोगमा विद्यालय प्रशासनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय प्रशासनसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १२: विद्यालय प्रशासनसँग सम्बन्धित समस्याहरू

| क.स. | समस्याहरू |
|---|---|
| १ | आर्थिक अभाव । |
| २ | भण्डारण गर्ने ठाउँको समस्या । |
| ३ | अनुगमन र निरीक्षणको समस्या । |
| ४ | उत्प्रेरणाको अभाव । |
| ५ | योजनाको अभाव । |
| ६ | शिक्षक वैठकमा शैक्षिक सामग्री प्रयोगको विषयमा विषय प्रवेश नै नहुनु । |
| ७ | पहुँच विस्तार समस्या । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका १२ लाई विश्लेषण गर्दा आर्थिक समस्याका कारणले गर्दा विद्यालय प्रशासनले आवश्यकता अनुसारका आधुनिक प्रविधिका शैक्षिक सामग्रीहरू उपलब्ध गराउन सक्दैन जसले गर्दा सामग्री प्रयोगमा समस्या सिर्जना हुने देखिन्छ । सामग्रीको प्रयोग गरीसकेपछि त्यसलाई पुन : प्रयोगका लागि सुरक्षित गर्नुपर्ने हुन्छ तर भण्डारण गर्ने ठाउँको अभाव भएमा सामग्रीको प्रयोगमा समस्या देखिन्छ । अनुगमन र निरीक्षणबाट प्राप्त पृष्टपोषणका आधारमा विद्यालयको सुधार गर्न सकिन्छ । शिक्षण सिकाइकार्य प्रभावकारी बनाउन, शैक्षिक उद्देश्यहरू परिपूर्ति गर्न शैक्षिक सामग्रीको नियमित प्रयोग गर्न अनुगमन र निरीक्षणको अति आवश्यक हुन्छ (गुरागाईं, २०७४) । विद्यालयको अनुगमन र निरीक्षण गर्दा

माथिल्लो निकायका सन्देश विद्यालय तहसम्म पुऱ्याउने, विद्यालयतहका अनुभवहरू आपसमा साटासाट गर्ने तथा माथिल्लो निकायसम्म पुऱ्याउने कार्य गरिन्छ तर विद्यालयको नियमित अनुगमन र निरिक्षणको अभावमा शैक्षिक सामग्रीको प्रयोग लगायतका गतिविधिहरूमा समस्या उत्पन्न हुने देखिन्छ । विद्यालय प्रशासनले समाजमा रहेको विद्यालयलाई सहयोग गर्ने निकायहरूमा पहुँच विस्तार नगर्नाले र ती निकायहरू समक्ष सामग्री माग सम्बन्धि उत्प्रेरणाको अभावमा पनि सामग्री प्रयोगमा समस्या देखिन्छ । शिक्षक वैठकमा शैक्षिक सामग्री प्रयोगका विषयमा कसैले पनि आवाज नउठाउने, सामग्री प्रयोगमा विषय प्रवेश नै नगर्ने कारणले पनि सामग्री प्रयोगमा समस्या हुने गरेको देखिन्छ ।

**घ) अभिभावकसँग सम्बन्धित समस्याहरू**

अभिभावकलाई पनि शैक्षिक सामग्री प्रयोगको सम्बन्धित पक्षका रूपमा लिइन्छ । अभिभावकहरूले पनि शैक्षिक सामग्री निर्माण र प्रयोगमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अभिभावकसँग सम्बन्धित समस्याहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३: अभिभावकसँग सम्बन्धित समस्याहरू

| क.स. | समस्याहरू |
|---|---|
| १ | कमजोर आर्थिक अवस्था । |
| २ | चेतनाको कमी । |
| ३ | अशिक्षा । |
| ४ | पहुँच पर्याप्त नहुनु । |
| ५ | शैक्षिक सामग्री प्रयोगको सवालमा दायित्व बोधको अभाव । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका १३ लाई विश्लेषण गर्दा आर्थिक अवस्था कमजोर भएका अभिभावकहरूले समयअनुसारका आधुनिक प्रविधिका सामग्रीहरू खरिद गर्न सक्दैनन् भने कतिपय अभिभावकहरू शिक्षा राज्यको दायित्त्व हो । शिक्षामा लगानी राज्यले गर्नुपर्छ भन्ने धारणाले गर्दा पनि सामग्री प्रयोगमा समस्या देखिन्छ । सबै बालबालिकाहरूका अभिभावकहरू पढे लेखेका र शिक्षित छैनन्  जसले गर्दा उनीहरूलाई शैक्षिक सामग्री के हो ? यो किन प्रयोग गरिन्छ ? प्रयोग गर्दा के फाइदा हुन्छ ? नगर्दा के हुन्छ ? भन्ने सम्म चेतना छैन र

अभिभावकमा शैक्षिक सामग्री सम्बन्धी चेतनाको अभावले गर्दा पनि सामग्री प्रयोगमा समस्या भएको छ । विद्यालय व्यवस्थापन समिति, प्र.अ. शिक्षकहरूले अभिभावकहरूलाई सामग्री सङ्कलनमा उत्प्रेरणा जगाउने हो भने अभिभावकहरूबाट सहयोग प्राप्त गर्न सकिन्छ तर अभिभावक समक्ष विद्यालय प्रशासनले पहुँचको विस्तार नगर्नाले, अभिभावक समक्ष सामग्री माग नगर्नाले सामग्री प्रयोगमा समस्या देखिएको छ ।

### ४.३.२ शैक्षिक सामग्री भण्डारणको समस्या

शैक्षिक सामग्री एक पटक प्रयोग भएपछि आवश्यकता अनुसार अर्को पाठ वा अन्य समयमा प्रयोग गर्न जतन गरी राख्नुपर्ने हुन्छ । त्यस्तै कतिपय शैक्षिक सामग्री विद्यार्थीले दैनिकरूपमा देख्ने गरेर राख्नुपर्ने देखिन्छ । तसर्थ शैक्षिक सामग्रीको प्रकृति र स्वरूप अनुसार भित्तामा झुन्ड्याएर राख्ने, टाँस्ने वा दराज तथा कोठामा खोजेको बेला तत्काल पाउन सकिने, नविग्रने वा नष्ट हुन नदिने गरी व्यवस्थित रूपमा राख्ने कार्य नै भण्डारण हो (अधिकारी, २०६९) । एक पटक किनेर ल्याएको वा बनाएको शैक्षिक सामग्री अर्को पटक जुन खरिद गर्न वा बनाउनु पर्दा साधन र समयको खर्च हुने गर्दछ । त्यसर्थ साधन र समयको वचत गर्न पनि शैक्षिक सामग्रीको भण्डारणलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । एकपटक तयार पारिएका वा किनेर ल्याएका शैक्षिक सामग्रीलाई खोजेको समयमा तत्काल पाउन सक्नेगरी सुरक्षित र व्यवस्थित ढङ्गले गोदाम, प्रयोगशाला, दराज वा अन्य कोठामा राख्नुपर्ने देखिन्छ र यसरी सुरक्षित गर्न नसकिएमा सामग्री प्रयोगमा समस्या देखिन्छ । यसै क्रममा नमूना छनोटमा परेका विद्यालयहरूमा सामग्री भण्डारणको के कस्ता समस्याहरू रहेका छन् भनि तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४: शैक्षिक सामग्री भण्डारणका समस्याहरू

| क.स. | समस्याहरू |
|---|---|
| १ | शैक्षिक सामग्रीको रखाइमा प्र.अ. को अनुगमन र निरिक्षण नहुनु । |
| २ | शैक्षिक सामग्री व्यवस्थापनमा शिक्षक जिम्मेवार नहुनु । |
| ३ | विद्यालयको भौतिक अपर्यापत्ता । |
| ४ | विद्यार्थीमा शैक्षिक सामग्री भण्डारण तथा व्यवस्थापन सम्बन्धि चेतनाको कमी । |
| ५ | सामग्री व्यवस्थापनका लागि फर्निचर अभाव । |
| ६ | भण्डारण गर्ने उचित ठाउँको अभाव । |
| ७ | विद्यालय व्यवस्थापन समितिको अनुगमन र निरिक्षणको अभाव । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका १४ लाई विश्लेषण गर्दा शैक्षिक सामग्रीको रखाइमा प्र.अ.को अनुगमन र निरिक्षण कमजोर रहेको देखिन्छ । शैक्षिक सामग्री प्रयोग गरिसकेपछि शिक्षकहरूले त्यसलाई व्यवस्थित गरे नगरेको निगरानी राख्नु प्र.अ.को दायित्त्व हो तर प्र.अ.ले सामग्री प्रयोग गरिसकेपछि त्यसको सुरक्षित रखाइमा वेवास्ता गरेको देखिन्छ । शैक्षिक सामग्री व्यवस्थापनको जिम्मेवार पक्ष भनेको शिक्षक हो तर शिक्षकले नै आफ्नो जिम्मेवारी वहन नगर्दा शैक्षिक सामग्री व्यवस्थापनमा समस्या उत्पन्न हुन जान्छ । शैक्षिक सामग्रीको प्रयोग गरीसकेपछि त्यसलाई सुरक्षित गर्नुपर्छ । शैक्षिक सामग्री विद्यार्थीका लागि हो र त्यसलाई व्यवस्थित गरेर पुन : प्रयोग गर्नुपर्छ भन्ने विद्यार्थीमा चेतना नभएका कारणले पनि शैक्षिक सामग्री भण्डारणमा समस्या रहेको छ । सामग्री प्रयोग गरीसकेपछि पुन प्रयोगका लागि त्यसलाई सुरक्षित गर्न पर्याप्त मात्रामा दराज र्‍याकको आवश्यकता पर्दछ र सामग्री सुरक्षित गर्नको लागि पर्याप्त फर्निचारको अभावमा सामग्री सुरक्षित गर्न समस्या हुने देखिन्छ । विद्यालयको सम्पूर्ण गतिविधिको मूल्याङ्कन गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हो र विद्यालय व्यवस्थापन समितिको अनुगमन र निरिक्षणको अभावमा पनि शैक्षिक सामग्री भण्डारणमा समस्या उत्पन्न भएको छ । शैक्षिक सामग्री भण्डारणमा देखिएको समस्याको बारेमा आदर्श मा.वि.का शिक्षक भन्नहुन्छ ।

*कक्षाहरू सञ्चालन गर्न कठिन भइरहेको अवस्थामा शैक्षिक सामग्री कहाँ राख्ने के गर्ने भन्ने कुरामा प्र.अ. नै जिम्मेवार हो । पर्याप्त भौतिक पूर्वाधार निर्माण गर्ने कार्य व्यवस्थापन समितिको हो । हामी प्रयोग त गर्दछौँ तर सामग्री सुरक्षित गर्ने ठाउँको अभाव छ । सामग्रीहरू छरपस्ट छन् । किताबहरू सबै च्यातिएका छन् । ग्लोवहरू फुटेका छन् । कसैलाई वास्ता छैन । सामग्री सुरक्षित गर्ने पर्याप्त फर्निचर भई दिए प्रयोग पछि हामी सुरक्षित गर्ने थियौँ । प्र.अ. र व्यवस्थापन समितिलाई पटक-पटक भनेकै हो वास्ता गर्दैनन् । जे छ चलेकै छ ।*

शैक्षिक सामग्री प्रयोग गर्न शिक्षकहरू उत्सुक छन तर यसको रखाइ व्यवस्था, सुरक्षित तालाचावी लाउने ठाउँको अभाव रहेको पाइयो । विद्यालयको सम्पूर्ण जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्र.अ. को मात्र हो भन्ने धारणा शिक्षकहरूको पाइयो । शैक्षिक सामग्री भण्डारण र व्यवस्थापनमा आफूमा कुनै पनि जिम्मेवारी नरहेको सम्पूर्ण जिम्मेवारी प्र.अ. र विद्यालय व्यवस्थापन समितिलाई दिएर आफू पन्छीन खोजेको पाइयो ।

### ४.३.३ पहुँच विस्तारको समस्या

विद्यालयमा प्र.अ. ले शैक्षिक नेतृत्व गरीसकेपछि आफ्नो विद्यालयका लागि चाहिने शैक्षिक सामग्री तथा भौतिक पूर्वाधारका लागि समाजमा पहुँच विस्तार गर्नुपर्दछ । पहुँच विस्तार गर्ने कार्यमा प्र.अ.को महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्र.अ.ले जति बढि समाजमा पहुँचको विस्तार गर्न सफल हुन्छ त्यति नै बढि विद्यालयलाई सहयोग प्राप्त हुन्छ (खनाल, २०६८) । नमुना छनोटका विद्यालयहरूमा प्र.अ.ले भौतिक पूर्वाधार र सामग्री प्राप्त गर्न सकिने सम्भावित क्षेत्रहरूमा पहुँचको विस्तार नगरेको देखिन्छ । यस अन्तर्गत नमुना छनोटका ३ वटै विद्यालयहरूले सामुदायिक वन, व्यापारी, पूर्व विद्यार्थी, क्लव, गैर सरकारी सङ्घ/संस्था, स्थानीय दाता, गाउँपालिकाबाट शैक्षिक सामग्री वापत कुनै पनि सहयोग लिएको देखिँदैन । यि क्षेत्रहरू भौतिक पूर्वाधार र सामग्री प्राप्त गर्न सकिने क्षेत्रहरू हुन् । यी क्षेत्रहरूमा पहुँचको विस्तार गर्ने हो भने विद्यालयलाई आवश्यक पर्ने सामग्रीहरू सहज रूपमा प्राप्त गर्न सकिने देखिन्छ ।

सामग्री प्राप्त गर्न सकिने सम्भावित क्षेत्रहरूमा किन पहुँच विस्तार नगरेको भन्दा प्र.अ. यसो भनु हुन्छ :

> *सामग्री माग गर्नु त पर्ने हो । माग गर्दा दिए भने राम्रै हुन्छ । अहिले सम्म औपचारीक रुपमा प्रस्तावना हालेको पनि छैन, दिन्छन् कि दिदैनन् थाहा पनि छैन सामग्री दिन सक्ने सम्भावित स्रोतहरूको खोजी कार्यमा समय दिन सकिएको पनि छैन । शिक्षकहरू पनि चासो देखाउँदैनन् र सहयोग गदैनन् फेरी सामूदायिक विद्यालयमा पर्याप्त स्रोत र साधन छ, हामीले किन सहयोग गर्ने ? हामीले गरेको सहयोगको सदुपयोग विद्यालयले गर्छ त ? भनेर विद्यालयलाई विश्वास नगर्ने मानिसहरू पनि हुन्छन त्यस्ता मानिसहरूलाई विश्वास दिलाएर सामग्री माग गर्न म एक्लैलाई गाह्रो पनि छ त्यसैलेशैक्षिक सामग्रीका लागि सामूदायिक वन, गाउँपालिका, नगरपालिका, स्थानिय क्लव, अभिभावक, चन्दादाता जस्ता पक्षहरूसँग पहुँच विस्तार गर्न सकेको छैन ।*

प्र.अ.ले सामग्री मागका लागि प्रस्तावना नै नहालेको र कुन कुन स्रोतबाट सामग्री प्राप्त गर्न सकिन्छ भनेर प्र.अ. नै जानकार नरहेको पाइयो । शैक्षिक सामग्री प्राप्त गर्न सक्ने स्रोतहरूको खोजीमा शिक्षकहरूले प्र.अ.लाई साथ नदिएको र प्र.अ ले पनि सामग्री प्राप्त गर्न सकिने सम्भावित स्रोतहरूको खोजीमा समय दिन नसकेको पाइयो । सामूदायिक विद्यालयलाइ समाजले हेर्ने दृष्टिकोणले गर्दा पनि प्र.अ. एक्लैले समाजलाई विश्वास दिलाएर सामग्री मागका लागि पहुँच विस्तार गर्न नसकेको पाइयो ।

## ४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समधानका उपायहरू

शिक्षण कार्यलाई सरल प्रभावकारी ढङ्गबाट सफल पार्नका लागि शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरूलाई समधान गर्नुपर्दछ । शैक्षिक सामग्री प्रयोगको समस्याहरू समधान गरी शिक्षण कार्य प्रभावकारी बनाउन सरोकारवाला पक्षहरूले सक्रिय भूमिका निर्वाह गर्नु गराउनु पर्दछ । शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन निम्न उपायहरू अवलम्वन गर्न सकिन्छ ।

### ४.४.१ शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सुधार गर्ने

विद्यालयले शैक्षिक सामग्री व्यवस्थापन गर्ने क्रममा सबै आवश्यक शैक्षिक सामग्री खरिद गरेर मात्र पूरा हुन सक्दैन र कतिपय सामग्री खरिद गर्न चाहदा पनि उपलव्ध हान सक्दैन । त्यसैले विद्यालयले आफ्नो स्रोत र साधन परिचालन गरी सामग्री निर्माण र सङ्कलन गरी शैक्षिक सामग्री व्यवस्थित गर्न सकिन्छ । बजारमा उपलव्ध हुने सामग्रीहरू विद्यालयले खरिद गरी भण्डारण गर्नु पर्ने हुन्छ भने अन्य सामग्री शिक्षक तथा विद्यार्थीको सहयोगबाट निर्माण गराउनु पर्दछ । विद्यालयमा प्रधाानाध्यापकले शैक्षिक सामग्री निर्माणको

लागि चाहिने  आधारभूत वस्तु तथा सामग्रीको राम्रो व्यवस्थापन गरी शिक्षकलाई आफ्नो आफ्नो विषयको शैक्षिक सामग्री निर्माण तथा प्रयोगका लागि सल्लाह तथा सुझाव दिइ सक्रिय बनाउनु पर्दछ । शैक्षिक सामग्री निर्माण तथा सङ्कलन गरेर मात्र हुँदैन सो सामग्री कक्षाकोठामा व्यवहारिकरुपमा प्रयोग भएका छन् कि छैनन् सो को मूल्याङ्कन तथा अनुगमन कार्य गर्नुपर्दछ । शैक्षिक सामग्री निर्माण र सङ्कलनमा उत्कृष्ट शिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्नुपर्दछ । सामग्रीको निर्माण तथा सङ्कलन गर्दा स्थानीयस्तरमा प्राप्त सामग्रीको प्रयोग गरी सामग्री निर्माणमा जोड दिनुपर्दछ । जस्ले गर्दा सिकाइ रोचक र प्रभावकारी हुन्छ ।

### ४.४.२ शैक्षिक सामग्री प्रयोगमा सुधार गर्ने

शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समधान गर्न शैक्षिक सामग्री प्रयोगमा सुधार गर्नुपर्ने देखिन्छ । नमुना छनोटमा परेका विद्यालयहरूमा पनि सामग्री प्रयोगमा सुधार गरी शिक्षण गरेमा सिकाइ उपलब्धीमा वृद्धि हुने देखिन्छ । शैक्षिक सामग्री प्रयोगमा सुधार गर्न प्र.अ को महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षा शिक्षणका क्रममा प्र.अ. ले शिक्षकहरूले कस्ता शैक्षिक सामग्री प्रयोग गर्छन ? प्रयोग गरीएका शैक्षिक सामग्रीहरू, पाठको उद्देश्यसँग मेल खाने खाल्का छन कि छैनन् ? विषयवस्तु एकातिर र शैक्षिक सामग्री अर्कोतिर भएको पो छ कि भनेर कक्षाकोठाको अवलोकन गरी शिक्षकहरूलाई आवश्यक सल्लाह दिनु आवश्यक छ । शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग गर्दा प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीको उमेरअनुसारका सामग्रीको प्रयोग गर्नुपर्दछ । विद्यार्थीको उमेर र स्तरअनुसारका सामग्रीको प्रयोगले सिकाइलाई सहज बनाउँछ । प्रयोग गरिएका सामग्रीहरू विद्यार्थीको रुची विपरीत भएमा सिकाइमा समस्या हुने देखिन्छ । त्यसैले विद्यार्थीहरूको  रुचीलाई ध्यानमा राखेर शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । शिक्षकहरूले कक्षा शिक्षणका क्रममा सामग्रीको प्रयोग गर्दा शिक्षण गर्न लागिएका पाठ्यक्रमअनुसारका विषयवस्तुसँग मेल खाने उद्देश्य अनुरूपका सामग्रीको प्रयोग गर्नुपर्दछ । कुन पाठमा कुन सामग्री प्रयोग गर्दा तोकिएको उद्देश्य पूरा गर्न सकिन्छ विचार गरेर सामग्रीको प्रयोग गर्नुपर्दछ । प्र.अ.ले सामग्री निर्माण र प्रयोगमा शिक्षकलाई सधै उत्प्रेरणा प्रदान गर्नुपर्दछ । विद्यालयमा प्रयोगशाला तथा भण्डारण कक्षाको व्यवस्था गरेर पनि शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यालयलाई

आवश्यक सामग्री थप गर्दै भएका पुराना शैक्षिक सामग्रीहरूलाई संरक्षण र व्यवस्थापन गर्नु गराउनु पर्दछ । शैक्षिक सामग्री प्रयोगमा प्रोत्साहन दिन शिक्षकहरूलाई आफ्नो कार्यप्रति सक्रिय हुन अनुरोध गर्नुपर्दछ । सम्वन्धित निकायले समय समयमा शैक्षिक सामग्री निर्माण र प्रयोग सम्वन्धित तालिमको व्यवस्था गरी शिक्षकको क्षमता अभिवृद्धि गरिदिनु पर्दछ र अनुगमन कार्यलाई व्यवहारिक बनाउनु पर्दछ ।

### ४.४.३ शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गर्नुपर्दछ

शैक्षिक सामग्री प्रयोगका समस्याहरू समधान गर्न छनोटममा परेका विद्यालयहरूले विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापनमा सुधार गर्नुपर्ने महत्त्वपूर्ण पक्षका रुपमा देखिन्छ । यसको व्यवस्थापन पक्षमा सुधार गर्न प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षकहरूबाट विद्यालयमा के, कस्ता, कति मात्रामा, कुन प्रकारको सामग्री विद्यालयमा छ सो कुराको बैठक र छलफल गरी एकिन गर्ने, ती सामग्रीको कसरी संरक्षण गर्ने, विद्यालयमा भएका स्रोत साधनको उपयोग गरी कसरी सहि मात्रामा भण्डारण गर्न सकिन्छ, उपयुक्त विकल्पको खोजी गरी व्यवस्थापन कार्यको प्रारम्भ गर्नुपर्दछ । विद्यालयमा वर्तमान अवस्थामा रहेको सामग्री के कसरी कुन ठाउँमा छन्, सहि व्यवस्थापन भएको छ वा छैन सो कुराको छलफल गरी  प्रष्ट हुन र व्यवस्थापन कार्य गर्नुपर्दछ । सामग्रीहरूको विशेषताहरूको आधारमा सामग्रीहरूलाई फरक फरक ठाउँमा भण्डारण गराउनु पर्दछ । छिटो टुट फुट हुने सामग्रीहरूलाई दराजमा सुरक्षित गर्नुपर्दछ भने झुन्डाउन मिल्ने सामग्रीहरूलाई भित्तामा सबैले देख्ने गरी झुन्डाउनु पर्दछ । प्रधानाध्यापकले व्यवस्थापन पक्षमा शिक्षकहरूलाई आ आफ्नो जिम्मेवारी दिएर कामको बाँडफाड गरी कार्य गराउनु राम्रो हुन्छ । शिक्षकहरूमा  राम्रो सुमधुर, सद्भावपूर्ण र सहयोगी भावनाको विकास गराउनु पर्दछ । आर्थिक स्रोत जुटाउन सबै पक्षले ध्यान दिनु पर्दछ र स्रोतको परिचालन गरी व्यवस्थापनमा आवश्यक पर्ने सबै साधनहरू सङ्कलन र खरिद गर्नु गराउनु पर्ने देखिन्छ । व्यववस्थापन पक्षमा समुदायको पनि सक्रियता बढाउनु पर्ने आवश्यकता देखिन्छ । शैक्षिक सामग्रीको व्यववस्थापनमा आवश्यक परेको खण्डमा शैक्षिक सामग्री सङ्कलनमा विद्यार्थीबाट पनि सहयोग प्राप्त गर्ने रणनीति अवलम्वन गर्न आवश्यक छ ।

### ४.४.४ अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने

शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समधान गर्न विद्यालयले शैक्षिक सामग्रीका सम्बन्धमा अभिभावक सचेतना कार्यक्रमहरू सञ्चालन  गर्नु पर्दछ। जुन कार्यक्रममा सहभागि भएपछि अभिभावकहरूमा शैक्षिक सामग्रीको प्रभावकारीताको ज्ञान बढेर जान्छ। विद्यालयले समाजमा जति वढि पहुँचको विस्तार हुँदै जान्छ त्यति नै बढि अभिभावकहरूबाट शैक्षिक सामग्री प्राप्त गर्न सकिन्छ त्यसैले विद्यालयले समाजमा पहुँचको विस्तार गर्नु पर्दछ। अभिभावकहरूमा विद्यालय हाम्रो हो भन्ने भावना विद्यालयले जगाउन सकेमा अभिभावकहरूले विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामग्री सङ्कलन र निर्माणमा सहयोग गर्नु आवश्यक छ। विद्यालयले अभिभावक सचेतना कार्यक्रम मार्फत अभिभावकहरूलाई शैक्षिक सामग्री प्रयोगको सवालमा आफ्नो दायित्वको वोध गराउनु पर्दछ। जस्ले गर्दा अभिभावकहरूले शैक्षिक सामग्रीमा सहयोग पुर्‌याउन सक्दछन्। यो वातावरण विद्यालयले बनाउन आवश्यक छ।

### ४.४.५ पुरस्कार

शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू समाधान गर्ने उपायका रूपमा पुरस्कारलाई पनि लिन सकिन्छ। विद्यालयमा उपलव्ध शैक्षिक सामग्रीलाई वास्तविक कक्षाकोठामा प्रयोग गर्ने व्यक्ति शिक्षक हो त्यसैले दैनिक रुपमा शैक्षिक सामग्री प्रयोग गर्न प्रोत्साहन गर्नु पर्दछ। आवश्यकताअनुसार दैनिक रुपमा शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नु पर्दछ। सबै भन्दा राम्रो शैक्षिक सामग्री निर्माण गर्ने, प्रयोग गर्ने, सङ्कलन गर्ने र व्यवस्थापन गर्ने शिक्षकलाई उचित मूल्याङ्कन र मापदण्डका आधारमा मूल्याङ्कन गरी नगद वा जिन्सी सहित सम्मान गर्ने र त्यसलाई सार्वजनिकिकरण गर्ने कार्य गरेमा सामग्री प्रयोग नगर्ने शिक्षकलाई पनि सामग्री प्रयोगतर्फ आकर्षित हुने र आफू पनि सम्मानित हुने, पुरस्कार लिने इच्छा शक्ति बढेर जान्छ। सामग्री प्रयोग गर्ने र नगर्ने शिक्षकलाई एउटै दृष्टिकोणले हेर्ने परिपाटीले गर्दा सामग्री प्रयोगमा शिक्षकहरूले अल्छि गरेको पाइन्छ यदि सामग्री सहित शिक्षण गर्ने शिक्षक र सामग्रीविना शिक्षण गर्ने शिक्षकलाई फरक दृष्टिकोणले हेर्ने हो भने शैक्षिक सामग्रीको प्रयोग बढेर जाने देखिन्छ।

## ४.५ प्राप्ति तथा सारांश

### ४.५.१ प्राप्ति

माध्यमिक तहमा कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगको सम्बन्धमा गरिएको व्याख्या विश्लेशणका प्राप्तिहरू हेर्दा विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलव्धता अपर्यापत रहेको र उपलव्ध शैक्षिक सामग्रीहरू पनि शिक्षकहरूमा प्रयोग गर्ने ज्ञान, सीपको कमि, अपर्यापत तालिमको अभावले गर्दा शैक्षिक सामग्रीको अवस्था त्यति सन्तोष जनक नभएको पाइयो । विद्यालयमा विना मूल्य, कम मूल्य र बढि मूल्यका गरी ३ किसिमका सामग्री प्रयोग हुने गरेको पाइयो । त्यसमा पनि सबै भन्दा बढि कम मूल्यका सामग्रीको प्रयोग हुने गरेको पाइयो । त्यसैगरी विद्यालयमा विषयगतरुपमा अलग-अलग सामग्रीको व्यवस्थापन गरी पठनपाठन गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगले कक्षा शिक्षण कार्य सहज र प्रभावकारी हुने साथै सिकाइले स्थायीत्व पाउनाले नँया कुराको सिकाईमा विद्यार्थीको उत्सुकता  थपिनु उत्तिकै लाभदायी रहन जाने प्रस्ट देखिएको छ । शैक्षिक सामग्री निर्माण र सङ्कलनमा शिक्षक र विद्यार्थीको सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ । विद्यालयहरूमा तहगतरूपमा प्राय : एकै किसिमका शैक्षिक सामग्री प्रयोग हुने गरेको पाइयो र सबै भन्दाबढि आधारभूत तहमा सामग्रीको प्रयोग भएको पाइयो ।

शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवाला निकायको महत्त्वपूर्ण भूमिका रहेको पाइयो  । विद्यालयलाई विभिन्न सङ्घ/संस्थाहरूले नगद तथा जिन्सी सहयोग  गरेको पाइयो तर जति सहयोग प्राप्त हुनुपर्ने हो त्यति सहयोग नगरेको पाइयो । विद्यार्थीहरूले शैक्षिक सामग्रीको सङ्कलन गर्दा स्थानीयस्तरमा प्राप्त गर्न सकिने आफ्नो क्षमता र सीपको प्रयोग गरी निर्माण गर्न सक्ने र कम मूल्यका मात्र सामग्रीको सङ्कलन गरेको पाइयो । विद्यार्थीहरूलाई उचीत निर्देशन र हौसला प्रदान गर्ने हो भने विद्यार्थीहरूले पनि शिक्षण सिकाई क्रियाकलापमा प्रयोग गर्ने सामग्रीहरूलाई सहजरुपमा सङ्कलन गर्न सक्ने अवस्था रहेको पाइयो । त्यसैगरी सबैभन्दा बढि शैक्षिक सामग्री सङ्कलन र प्रयोग गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने हो भने सामग्री प्रयोगमा शिक्षकको सक्रियता बढेर जाने देखियो । सामग्री निर्माण र सङ्कलनमा अभिभावकलाई विद्यालयले कुनै पनि तवरबाट उत्प्रेरणा नजगाएको र अभिभावकले विद्यालय प्रति कुनै जिम्मेवारी नदेखाएको पाइयो । समग्रमा सामग्री निर्माण र सङ्कलनका लागि अभिभावकमा विद्यालयको पहुँच कमजोर रहेको पाइयो ।

विद्यालयमा उपलव्ध भएका सामग्रीहरूको प्रभावकारी प्रयोग गर्न नसक्नुका सम्वन्धित पक्षकारुपमा शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय प्रसासनलाई लिइन्छ । शिक्षकसँग सम्वन्धित समस्याहरूमा प्रभावकारी तालिमको अभावमा नँया प्रविधिका सामग्रीहरूलाई कक्षाकोठामा प्रयोग गर्न नसकेको अवस्था पाइयो । विद्यार्थीहरूको उमेर र स्तरअनुसारको विद्यार्थीलाई उत्प्रेरित गर्ने खाल्का सामग्रीको अभाव रहेको पाइयो । सामग्री निर्माण, सङ्कलन र प्रयोगका सम्वन्धमा अनुगमन र निरिक्षणको अभाव रहेको पाइयो । शैक्षिक सामग्री भण्डारण गर्ने छुटै कोठा नभएको र उपलव्ध सामग्रीहरू पनि छरपस्ट अवस्थामा रहेको पाइयो । विद्यालयमा प्र.अ. ले शैक्षिक नेतृत्व गरीसकेपछि शैक्षिक सामग्रीको लागि समाजमा पहुँच विस्तार गर्नुपर्ने हुन्छ तर सामग्री प्राप्त गर्न सकिने सम्भावित स्रोतहरूमा समेत प्र.अ. ले पहुँच विस्तार नगरेको पाइयो ।

समधानका उपायहरूमा शैक्षिक सामग्री निर्माण गर्ने तरिका परम्परागत नै रहेको आधुनिक ढङ्गले निर्माण र सङ्कलन नगरेको हुनाले निर्माण र सङ्कलनमा विशेष नीति अवलम्वन गर्नुपर्ने देखिन्छ । विद्यालयमा देखिएका शैक्षिक सामग्रीहरूको समस्यालाई निराकरण गर्नका लागि विषयगत शिक्षकहरूलाई सामग्री निर्माण गर्ने तालिमको उचित व्यवस्था हुनुपर्ने आवश्यक भएको पाइएको छ । शैक्षिक सामग्री व्यवस्थापनका लागि विद्यालयले छुटै कोठाको व्यवस्था गरी शैक्षिक सामग्रीलाई सुरक्षित गर्नु आवश्यक देखिन्छ । सामग्री व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउन सबै पक्षले ध्यान दिनु पर्दछ र स्रोतको परिचालन गरी व्यवस्थापनमा आवश्यक पर्ने सबै साधनहरू सङ्कलन र खरिद गर्नु गराउनु पर्ने देखिन्छ । आवश्यकताअनुसार दैनिकरुपमा सबैभन्दा राम्रो शैक्षिक सामग्री निर्माण गर्ने, प्रयोग गर्ने सङ्कलन गर्ने र व्यवस्थापन गर्ने शिक्षकलाई उचित मूल्याङ्कन र मापदण्डका आधारमा पुरस्कृत गरी त्यस कुरालाई सार्वजनिक गर्दा कक्षाकोठामा सामग्रीको प्रयोग बढेर जाने देखिन्छ ।

### ४.५.२ सारांश

विद्यालयमा शैक्षिक सामग्री उपलव्धताको अवस्था कमजोर रहेको र उपलव्ध सामग्रीहरूलाई पनि शिक्षकहरूले सन्तोषजनक किसिमले प्रयोग नगरेको पाइयो । विद्यालयहरूमा विना मूल्य, कम मूल्य, र बढि मूल्यका सामग्रीहरूको प्रयोग भएको र शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोगमा शिक्षक तथा विद्यार्थीहरू सक्रिय रहेको

पाइयो । विद्यालयका सरोकारवाला निकायहरूले विद्यालयलाई सहयोग गरेको पाइयो तर जति सहयोगको अपेक्षा गरिएको थियो त्यति सहयोग प्राप्त नभएको पाइयो । कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्न नसक्नुका सम्वन्धित पक्षकारुपमा शिक्षकसँग सम्वन्धित समस्याहरू, विद्यार्थीसँग सम्वन्धित समस्याहरू, विद्यालय प्रसासनसँग सम्वन्धित समस्याहरू, शैक्षिक सामग्री भण्डारणको समस्या, पहँच विस्तारको समस्याहरू रहेका छन । ती समस्याहरू समधानका उपायहरूमा शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सुधार गर्नुपर्ने, शैक्षिक सामग्री प्रयोगमा सुधार गर्नुपर्ने र शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गर्नुपर्ने, अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने र राम्रो शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने अवस्था रहेको पाइयो ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग सम्वन्धमा गरिएको अनुसन्धानबाट निम्न अनुसारको निष्कर्ष निकालिएको छ । कक्षाकोठामा शैक्षिक सामग्रीको उपलब्धता तथा प्रयोगको अवस्था पर्याप्त अथवा सर्वसुलव बनाउन यसको निर्माण, सङ्कलन र प्रयोगका निम्ति केन्द्रिय तहको पहलमा मात्र भर नपरी स्थानीय परिवेशबाट शिक्षक तथा विद्यार्थीद्धारा निर्मित सामग्रीको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरेको पाइयो । शैक्षिक सामग्री निर्माण र सङ्कलनका लागि प्र.अ. ले शिक्षक र विद्यार्थीलाई उत्प्रेरणा जगाउनाले सामग्री निर्माण र सङ्कलनमा सहजता हुने गरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोग भएमा विद्यालयमा विद्यार्थीको नियमितता हुनका साथै शैक्षिक प्रगतिमा समेत राम्रो हुने कुरामा द्विमत छैन । सबै विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको स्रोत र साधनलाई परिचालन हुने गरी समय सान्दर्भिक तालिमको व्यवस्था हुने पाइयो । शैक्षिक सामग्रीको नियमित प्रयोगले विद्यार्थीहरू विद्यालय नियमित आउने, शिक्षकहरूमा दक्षता विकाश हुनका साथै विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा सहभागी हुनु जस्ता राम्रा एंवम सकारात्मक पक्षहरू पाइयो । समग्रमा शैक्षिक सामग्रीको पर्याप्त प्रयोग भएमा त्यसबाट शैक्षिक गुणस्तरमा वृद्धि हुनुको साथै शिक्षण प्रभावकारी र दिगो हुने निष्कर्ष निकालियो ।

## ५.२ सुझाव

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग सम्वन्धमा अनुसन्धान गर्दा निम्नलिखित कुरामा सुधार गर्नु पर्ने देखिन्छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा पर्याप्त मात्रामा आर्थिक एंवम् भौतिक स्रोतहरू उपलब्ध गराउन आवश्यक देखिन्छ । जसले गर्दा खरिद गर्नुपर्ने खाल्का शैक्षिक सामग्रीहरू समेत खरिद गर्न सकियोस् । विश्वमा भएका नविनतम ज्ञान, सीप र प्रविधिको बारेमा छोटो अवधिका पुनर्ताजगी तालिमहरू सञ्चालन गरिनु आवश्यक छ । शैक्षिक सामग्री प्रयोगका लागि कक्षाकोठामा पर्याप्त समय नपुग्ने भएकाले कार्यतालिकामा पुनसङ्गठन गरी समय व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

स्थानिय वातावरणमा पाइने सामग्री सङ्कलन तथा स्वनिर्मित सामग्रीको निर्माण, विकास र प्रयोगको सीप सम्वन्धि गोष्ठी र तालिम सम्वन्धित निकायले सञ्चालन गर्नुपर्दछ । विद्यालयमा भएका शैक्षिक सामग्रीहरूलाई व्यवस्थीत गर्नका लागि छुटै भण्डारण कक्षको निर्माण गर्न सम्वन्धित पक्षसँग पहल गर्नुपर्दछ ।

### ५.२.२ अभ्यास तह

शैक्षिक सामग्रीले सिकाइलाई दिगो र प्रभावकारी बनाउने हुँदा पर्याप्त शैक्षिक सामग्री खरीद गरी उपलव्द गराउनु पर्दछ । जसले प्रयोगात्मक परीक्षा र कक्षाकार्यलाई समेत प्रभावकारी बनाउन सहयोग गर्दछ । विद्यालयमा पाठयक्रम र शिक्षक निर्देशिका जस्ता सामग्रीहरू समय मै उपलब्ध गराउनु पर्दछ ।

विद्यालयको शैक्षिक कार्यक्रमलाई व्यवस्थित तबरले सञ्चालन गरी विद्यार्थीलाई उच्च शैक्षिक उपलव्धी हासिल गर्न सक्षम बनाउने तर्फ विद्यालय प्रशासन उत्साहित हुनुपर्दछ । त्यसैगरी शैक्षिक सामग्री प्रयोग सम्बन्धि तालिमबाट प्राप्त सीपहरूको प्रयोग गरी शिक्षण गर्ने शिक्षकलाई पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था तत्काल गर्नु पर्दछ । सम्वन्धित निकायद्धारा तालिमबाट प्रदान गरिएको ज्ञान र सीप शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरे नगरेको नियमितरुपमा अनुगमन गर्नुपर्दछ । त्यसैगरी शिक्षक तथा विद्यार्थीलाई शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नका लागि आर्थिक एंवम् प्राविधिक सहयोग प्रदान गर्नुका साथै स्थानिय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नमा प्रोत्साहन गर्नुपर्दछ ।

## ५.३ अनुसन्धान तह

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगमा गरिएको अनुसन्धानले सम्पूर्ण पक्ष वा विषयवस्तुलाई समेटन सकेको छैन । यसले अन्य अनुसन्धानलाई सहयोग पुऱ्याउन सक्छ तर यो सम्पूर्ण हुन सक्दैन । यो अनुसन्धान कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगसँग मात्र सम्वन्धित नभएर हाल विद्यमान मुलुकको समग्र शैक्षिक पुर्नसंरचनाको सवालसँग समेत सम्वन्धित छ भन्ने स्पष्ट हुन जान्छ । त्यसैले शिक्षा क्षेत्रमा वैज्ञानिक शिक्षा प्रणालीको विकास गरी शैक्षिक उपलव्धी वृद्धि गर्नुपर्ने कार्यहरूको अनुसन्धान हुन नितान्त आवश्यक भएको पुष्टि हुन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, तोयानाथ (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौँ : आठराई प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०७०), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाडौ : आशिष बुक्स हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०७१), *सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा,* भक्तपुर : पाठ्यक्रम विकासकेन्द्र ।

अधिकारी, विष्णुप्रसाद (२०६९), *अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाडौँ : आशिष बुक्स हाउस ।

आचार्य सुशन, ढकाल, हेमराज, निरौला, वौद्यराज, दाहाल, दत्तात्रय र कोइराला चपला ( २०६९), *अनौपचारीक शिक्षा सिद्धान्त तथा अभ्यास,* काठमाडौँ : सनलाइट पब्लिकसन ।

काफ्ले, भोजराज (२०६५), *शिक्षाको व्यवहारिक पक्ष,* काठमाडौ : सोपान प्रकाशक ।

काफ्ले, रामेश्वर (२०७३), *समकालीन समाज,* काठमाडौँ : जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

कैयूम, अब्दुल (२०७२), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौँ : प्रशान्ति पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद (२०६५), *शिक्षाको परिचय,* काठमाडौँ : साभा प्रकाशन ।

खनाल, श्रीप्रसाद (२०६८), *पाठयक्रम सिदान्त,* काठमाडौँ : जुपिटर पब्लिशर्ष एण्ड डिष्ट्रिव्युटर्स ।

गुरागाईं, सरस्वती (२०७४), *विद्यालय निरिक्षक दिग्दर्शन,* काठमाडौँ : पैरवी प्रकाशन

गौतम, प्रदिपचन्द्र (२०५२), *परिचयात्मक शिक्षा,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्टिव्यूटर्स ।

घिमिरे, इन्द्रविलास र गिरी, केवानान्द (२०६१), *सामाजिक अध्ययन शिक्षण सामग्री,* काठमाडौ : किशोर अपसेट ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६४), *शिक्षाका आधारहरू* काठमाडौँ : रत्न पुस्तक भण्डारण

दाहाल, लोकनाथ (२०७०), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान,* कीर्तिपुर : क्षितिज प्रकाशन ।

निउरे, ध्रुबप्रसाद (२०६८), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

निउरे, ध्रुवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौँ : हिमालप्रेस सेन्टर ।

पोखेल, मोहनमणि (२०७३), *शैक्षणिक विधि,* काठमाडौँ : गतिशील प्रकाशन ।

भट्टराई, होमनाथ र आचार्य, वेदराज (२०७३), *शैक्षणिक विधि,* काठमाडौँ : जुपिटर प्रिटिङ् एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

बिडारी, बद्रीप्रसाद, पौडेल, दुर्गाप्रसाद, चलाउने, भवानसिंह, साउद,राजकुमार, रेग्मी,ज्योतिप्रसाद, पन्थ, नारायणप्रसाद, खत्री, डम्वरबहादुर (२०७३), *शिक्षा मनोविज्ञान,* काठमाडौ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

विश्वकर्मा, वावुराम (२०७० जेष्ठ), राम्रो शिक्षाका निम्ति शैक्षिक सामग्री*,शिक्षक मासिक* वर्ष ६, अङ्क ६२ ।

शर्मा, गोपिनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जीवीर र शर्मा, निर्मला (२०७०), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्री आधार,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७४), *शैक्षणिक विधि,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षाका आधार,* काठमाडौँ : एम.के. पब्लिशर्स

एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, गोपीनाथ (२०७१), *नेपालको शैक्षिक इतिहास,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा पौडेल, एम् आर् (२०७२), *शिक्षक सेवा आयोग परीक्षा सारथी,* काठमाडौं : गुडविल पब्लिकेसन

शिवाकोटी गोपाल (२०६४), *नेपालको संविधान* ,काठमाडौं : पैरवी प्रकासन ।

शिक्षा मन्त्रालय (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शै.ज.वि.के. (२०६२), *प्रशिक्षक पुस्तिका,* भक्तपुर : लेखक ।

सापकोटा, रमाकान्त (२०६२), *शिक्षण प्रविधि र नवप्रवर्तनलाई कक्षामा भित्र्याउने प्रस्ताव, वाल्मीकीस्मारीका,* वाल्मीकी शिक्षा सदन ।

श्रेष्ठ, प्रकाश (२०७२), *सङ्गठनात्मक व्यवहार,* काठमाडौं : सम्झना पब्लिकेशन प्रा.ली ।

हाडा, भुपेन्द्र (२०५९), *गुणस्तरीय शिक्षण विकासका निम्ति शिक्षा,* काठमाडौं ।

# कक्षाकोठामाशैक्षिक सामग्रीको प्रयोग

## अनुसूची – क : प्र.अ.का लागि प्रश्नावली

(१) शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि त्यसलाई कसरी व्यवस्थित गर्नु हुन्छ ?

.......................... ............................. ..................................

(२) शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि त्यसलाई काहाँ व्यवस्थित गर्नु हुन्छ ?

.......................... .......................... ......................................

(३) शैक्षिक सामग्री प्रयोग गरीसकेपछि शैक्षिक सामग्रीलाई कसरी सुरक्षित गर्ने व्यवस्था छ ?

......................... ............................... ....................................

(४) शिक्षकहरूले शैक्षिक सामग्रीलाई दैनिक प्रयोग गर्ने अवस्था के कस्तो छ ?

........................ ................................. ....................................

(५) शिक्षकहरूले विशेष गरी कस्ता कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने गर्दछन् ?

.......................... .............................. ......................................

(६) कस्ता कस्ता विषयमा वढि शैक्षिक सामग्रीको प्रयोग हुदै आएको छ ?

................................... ............................ .......................

(७) कस्तो प्रकृतिको पाठमा शैक्षिक सामग्रीको प्रयोग हुदै आएको छ ?

....................... ............................ .......................... ....................

(८) कुन तहमा वढि शैक्षिक सामग्रीको प्रयोग गरिदै आएको छ ?

......................... ........................... .......................... .....................

(९) कुन कुन कक्षामा वढि शैक्षिक सामग्रीको प्रयोग गरिदै आएको छ ?

......................... ........................... .......................... .........................

(१०) शैक्षिक सामग्री संकलनमा अभिभावकले के कस्तो सहयोग पुऱ्याउँदै आएका छन् ?

................................ ........................... ............................

(११) शैक्षिक सामग्रीका लागि सङ्घ/सस्थाले के कस्तो योगदान दिदै आएका छन् ?

.................................. ........................... ...........................

(१२) शैक्षिक सामग्री खरिदका लागि अभिभावकले दिने चन्दा सहयोगको अवस्था कस्तो छ ?

............................... ......................... ................................ .......................

(१३) विद्यार्थीहरूले शैक्षिक सामग्री निर्माण र सङ्कलनमा के कस्तो सहयोग गरेका छन् ?

........................... .......................... ............................

(१४) तपाईंले शैक्षिक सामग्रीको सङ्कल र निर्माणमा शिक्षक र अभिभावकलाई कसरी सहभागि गराउँदै आउनुभएको छ ?

……………………… …………………………… ………………………………

(१५) शैक्षिक सामग्रीको खरिद गर्ने रकम कहाँबाट प्राप्त गर्नु हुन्छ ?

………………………… ………………………… ………………………………

(१६) शैक्षिक सामग्रीका लागि वर्षेनि कति रकम खर्च गर्दै आउनु भएको छ ?

……………………… ……………………………… ………………………………

(१७) तपाईंले स्थानिय शैक्षिक सामग्रीको सङ्कलन गर्दा के कस्ता कठिनाई पाउनु भएको छ ?

………………………… ………………………… ………………………………

(१८) छ भने के कस्ता पहल गर्नु भएको छ ?

………………………… ………………………… ……………………………

(१९) तपाईंले आफ्ना शिक्षकहरूको कक्षा अकलोकन गर्नु भएको छ ? सामान्यतया वर्षमा कति पटक गर्नु हुन्छ ?

……………………… ………………………… …………………………………

(२०)उक्त कक्षा अवलोकनको समयमा शिक्षकले कतिको शैक्षिक सामग्रीको प्रयोग गरेको पाउनु भएको छ ?

………………………… ………………………… ……………………………………

(२१) शैक्षिक सामग्रीको प्रयोग गर्न शिक्षकलाई कसरी उत्प्रेरणा जगाउँदै आउनु भएको छ ?

………………………… ……………………………… ………………………………

(२२) शिक्षक तथा विद्यार्थीले सङ्कल र निर्माण गरेका शैक्षिक समग्रीलाई कसरी सुरक्षित गर्दै आउनु भएको छ ?

…………………………… ……………………………… ……………………………

.(२३) शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकको अभिरूचि कस्तो पाउनु भएको छ ?

……………………………… ……………………………… ………………………

(२४) शैक्षिक सामग्रीको प्रयोगगर्दा विद्यार्थीको अभिरूचि कस्तो पाउनु भएको छ ?

…………………………… …………………………………… ……………………………

(२५) शैक्षिक सामग्रीको सम्बन्धमा अभिभावकले के कस्ता गुनासो लिएर आउनु भएको छ ?…………………………… ……………………………… …………………………………

(२६) शैक्षिक सामग्री निर्माण र प्रयोग सम्वन्धि शिक्षकहरूलाई कुनै तालिममा सहभागि गराउनु भएको छ ?

………………………… ……………………………. ……………………………….

(२७) छ भने कस्ता कस्ता तालिममा सहभागि गराउनु भएको छ ?

…………………………… …………………………… ……………………………

(२८)तपाइँले शैक्षिक सामग्रीको सङ्कलन र निर्माणमा तालिम सञ्चालन गर्नु भएको छ ?

……………………………. ……………………………. …………………………..

(२९) शैक्षिक सामग्री निर्माण र सङ्कलनमा शिक्षकहरूले के कस्तो सक्रियता देखाउनु हुन्छ ?

……………………….. ……………………………… …………………………………

(३०) कस्ता शिक्षकहरूले बढि मात्रामा शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नुहुन्छ ?

………………………………. ………………………… ……………………….. ………………

(३१) शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकले राख्ने समस्याहरू के के हुन् ?

………………………… ………………………………… ……………………………

(३२) स्थानिय शैक्षिक सामग्रीको सङ्कलनमा के के समस्या छन् ?

……………………… …………………………… …………………………………

(३३) शिक्षकले तपाइँसँग शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग सम्बन्धमा कुनै समस्या राख्नु भएको ?

…………………………. ……………………………… ……………………………

(३४) शैक्षिक सामग्री व्यवस्थापन सम्बन्धि के समस्या छन् ?

………………………….. ……………………………….. ……………………………

(३५) शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका लागि कुनै पहल गर्नु भएको छ ?

……………………… …………………………….. …………………………………

(३६) शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगमा देखिएका समस्या समाधानका मुख्य उपायहरू के के हुन् ?

…………………….. ……………………………… ……………………………

(३७) शैक्षिक सामग्री सङ्कलनमा अभिभावक पक्षबाट के के समस्याहरू रहेका छन् ?

………………… ………………………….. ……………………….. ……………………

## कक्षाकोठामाशैक्षिक सामग्रीको प्रयोग

## अनुसूची – ख : शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

(१) तपाईंलाई शैक्षिक सामग्री प्रयोग गर्न प्र.अ.ले कसरी उत्प्रेरित गर्नु हुन्छ ?

........................... ........................... ..................................

(२) धेरै शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकलाई प्र.अ.ले के गर्नु हुन्छ ?

............................. ........................... ...........................

(३) शैक्षिक सामग्रीको प्रयोग पछि त्यसको व्यवस्थापन कसरी गर्नु हुन्छ ?

........................... ................................. ....................................

(४) विशेष गरी कस्ता कस्ता पाठमा शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ ?

........................... .............................. .....................................

(५) विशेष गरी कुन कुन विषयमा बढि शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ ?

........................... .............................. .....................................

(६) शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि त्यसलाई कसरी व्यवस्थित गर्नु हुन्छ ?

........................... .............................. ....................................

(७) शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि त्यसलाई काहाँ व्यवस्थित गर्नु हुन्छ ?

........................... ........................... ........................................

(८) प्रयोग गरीसकेपछि शैक्षिक सामग्रीलाई कसरी सुरक्षित राख्नु हुन्छ ?

.......................... ................................ .....................................

(९) शैक्षिक सामग्रीको प्रयोग गरिरहँदा विद्यार्थीको रूचि कस्तो पाउनु भएको छ?

............................ ................................. .................................

(१०) शैक्षिक सामग्रीको सङ्कलनमा विद्यार्थीहरूलाई कसरी सहभागि गराउनु हुन्छ ?

............................ .............................. ........................................

(११) विद्यार्थी परिचित शैक्षिक सामग्रीको सङ्कलनमा कसरी जोड  दिनुपर्छ ?

............................ .............................. ....................................

(१२) शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा शिक्षणमा के फरक पाउनु भएको छ ?

........................... ............................. ...............................

(१३) तपाईंले समय समयमा शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग सम्बन्धि तालिम पाउनु भएको छ ? छ भने कति पल्ट ?

.................................. ................................. .................................

(१४) शैक्षिक सामग्री निर्माण र प्रयोग सम्वन्धि तालिम  तपाइँका लगि कति उपयोगि छ ?

……………………………… ………………………… ………………………………

(१५) शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेको छ ?

……………………………… ………………………… ……………………………

(१६)शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा के कस्तो प्रभाव पारेको छ ?……………………… ………………………… ……………………………

(१७) शैक्षिक  सामग्रीका लागि सङ्घ/सस्थाले के कस्तो योगदान दिदै आएका छन् ?

……………………………… ……………………… …………………………………

(१८) शैक्षिक सामग्री खरिदका लागि अभिभावकले दिने चन्दा सहयोगको अवस्था कस्तो छ ?

…………………………… ………………………………… ……………………………

(१९) विद्यार्थीहरूले शैक्षिक सामग्री निर्माण र सङ्कलनमा के कस्तो सहयोग गरेका छन् ?

……………………… ………………………………… ………………………………

(२०) वार्षिक रुपमा सरकारले शैक्षिक सामग्रीको लागि के कस्तो सहयोग गदै आएको छ?

……………………… …………………………… …………………………………

(२१) तपाईंले शैक्षिक सामग्रीको सङ्कल र निर्माणमा शिक्षक र अभिभावकलाई कसरी सहभागि गराउँदै आउनुभएको छ ?

……………………… ………………………………… …………………………

(२२) शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोगमा प्र. अ.बाट कस्तो सहयोगको अपेक्षा गर्नु हुन्छ ?

……………………… …………………………… ………………………………

(२३) तपाईंले प्रयोग गरेका स्थानिय शैक्षिक सामग्रीबाट तपाईं सन्तुष्ट हुनुहुन्छ ?

……………………… …………………………… ………………………………

(२४) शैक्षिक सामग्रीको व्यवस्थापनमा के के समस्या छन् ?

………………………… ………………………… ………………………………

(२५) शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा के के समस्या छन् ?

……………………… …………………………… ………………………………

(२७) शैक्षिक सामग्री निर्माण गर्दा देखिएका समस्याहरू के के हुन् ?

……………………… ………………………… …………………………

(२८) शैक्षिक सामग्रीको प्रयोग वढाउन के कस्ता उपायहरू अपनाउनु पर्छ ?

........................ .............................. .................................

(२९) शैक्षिक सामग्री संकलन गर्दा के कस्ता कढिनाई पाउनु भएको छ ?

......................... ............................... ..............................

(३०) शैक्षिक सामग्री प्रयोगका लागि विद्यालय प्रशासनले के के कार्य गर्नु पर्दछ ?

.......................... ............................... ..............................

(३९) शैक्षिक सामग्री सङ्कलनमा अभिभावक पक्षबाट के के समस्याहरू रहेका छन् ?

...................... .............................. ........................................

# कक्षाकोठामाशैक्षिक सामग्रीको प्रयोग

## अनुसूचि– घ : शैक्षिक सामग्री अवलोकन फारम

| क.स. | शैक्षिक सामग्रीको नाम | रखाइ अवस्था | प्रयोग अवस्था | सफाइ अवस्था |
|---|---|---|---|---|
| १ | ग्लोव | | | |
| २ | चित्र | | | |
| ३ | नक्सा | | | |
| ४ | तस्विर | | | |
| ५ | वास्तविक वस्तु | | | |
| ६ | शब्द पत्ती | | | |
| ७ | सूची/कार्डवोर्ड | | | |
| ८ | फलाटिन वोर्ड | | | |
| ९ | गोजितालिका | | | |
| १० | सेतो पाटि | | | |
| ११ | शिक्षक निर्देशिका | | | |
| १२ | पाठ्यक्रम | | | |
| १३ | पाठ्यपुस्तक | | | |
| १४ | रेडियो | | | |
| १५ | mutimedia projector | | | |
| क.स. | शैक्षिक सामग्रीको नाम | रखाइ अवस्था | प्रयोग अवस्था | सफाइ अवस्था |

| | | | | |
|---|---|---|---|---|
| १६ | कम्पूटर /ल्यापटप | | | |
| १७ | टेलिफोन | | | |
| १८ | पत्रपत्रिका | | | |
| १९ | वाँस/छेस्का | | | |
| २० | वोतल | | | |
| २१ | टिनको वट्टा | | | |
| २२ | व्याट्री | | | |
| २३ | पिन | | | |
| २४ | तामाको तार | | | |
| २५ | वेलुन | | | |
| २६ | गुन्द्रि | | | |
| २७ | फूल | | | |
| २८ | वोटविरूवा | | | |
| २९ | वालुवा | | | |
| ३० | लठ्ठी | | | |
| ३१ | पेचकिला | | | |
| ३२ | ढक तराजु | | | |
| ३३ | मैनवत्ति | | | |
| ३४ | Geo-board | | | |
| ३५ | Geometri instruments | | | |